जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



जंगली च्याउहरु विषालु पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।
खेती गरेर उमारेका च्याउ खाने गरौं।
जीवन सुरक्षित गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड




## सीमलताल दुर्घटनाः भारतीय उद्धार टोली फर्किए

# न बस भेट्टायो, न यात्रु

**टुडे समाचारदाता**

चितवन । त्रिशूली नदीमा बेपत्ता भएका बस र यात्रुको खोजीमा आएका भारतीय उद्धार टोली आइतबार फर्किएको छ।



एक साता अघि चितवन आएको भारतको राष्ट्रिय आपदा मोचन बल (एनडिआरएफ) को १२ जनाको टोली फर्किएको छ।

उनीहरुलाई जिल्ला प्रशासन कार्यालय चितवनले एक समारोहबीच बिदाइ गरेको छ। एक सातासम्मको खोजीमा ठोस उपलब्धि नभए पनि प्राविधिक कुरामा फाइदा नै भएको चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जनाएका छन्।

सीमलताल पहिरोमा परी त्रिशूली नदीमा बेपत्ता र बसको खोजीका लागि घटना भएको दिनदेखि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको गोताखोर टोलीले निरन्तर खोजी गरिरहेको छ।

नेपाली टोलीले नसकेपछि भारतबाट उच्च प्रविधि ल्याएर एक सातासम्म खोजी गरिएको थियो। तर नदीको तीव्र गतिका कारण खोजिकार्यमा समस्या भएको प्रजिअ यादवले बताए।

त्रिशूली नदीको गहिराई एक सय ५० फिटभन्दा बढी रहेको उनले बताए । यो गहिराईमा ८० केजीको चुम्बक आवश्यक पर्ने उनले बताए। खोजीको क्रममा एनडिआरएफले ल्याएको १९ किलाको चुम्बक त्रिशूली नदीमा समेत हराएको छ।

खोजिकार्यका लागि आधुनिक वाटरड्रोन (सोनार क्यामेरा), ड्रोन क्यामेरा, र्याफ्टिङ बोट, मोटरबोट, चुम्बक, फलामको हुक लगायतका प्रविधिहरु प्रयोग गरिएको थियो।

चितवनको सीमलतालमा बस दुर्घटना भएको १७ दिन बितेको छ। गत असार २८ मा वीरगन्जबाट काठमाण्डु जाँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल डिलक्स र काठमाण्डुबाट गौर तर्फ आउँदै गरेको बागमती प्रदेश ०३-०११ ख २४९५ नम्बरको गणपति बस लेदोसहितको पहिरोमा पुरिएर त्रिशूली नदीमा बेपत्ता भएको थियो।

दुवै बस कुल ६५ जना यात्रु सवार थिए। सो मध्ये ३ जनाले ज्यान जोगाए पनि अन्य ६२ जना यात्रु बससँगै नदीमा बेपत्ता भएका थिए।

दुर्घटना लगत्तै बस र बसमा सवार यात्रुको खोजी कार्य सुरु गरिए पनि अहिलेसम्म २४ जनाको मात्रै शव फेला परेको छ। सो मध्ये १९ जना यात्रुको मात्र शव फेला परेको छ।

नारायणीमा फेला परेका पाँच वटा शवको अझैसम्म पहिचान हुन सकेको छैन। अझै ४३ यात्रु बेपत्ता नै छन्। दुई वटा बसमा सबैभन्दा बढी रौतहट जिल्लाका नागरिक रहेका छन्।

रौतहटका २७ जना यात्रु बेपत्ता भएका थिए। त्यस्तै भारतका १०, पर्सा जिल्लाका १०, बाराका ६, सर्लाहीका ४, चितवनका २ भक्तपुरका १, सिन्धुपालचोकका १ जना व्यक्ति बेपत्ता भएको प्रशासनको तथ्यांकमा जनाइएको छ।














# कोशी, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशका केही स्थानमा मुसलधारे वर्षा हुने




काठमाण्डु । हाल देशभर मनसुनी वायुको प्रभाव रहेको तथा मनसुनको न्यून चापीय रेखा सरदर स्थानको आसपास अवस्थित रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले देशभर साधारणतया बदली रहेको बताएको छ। बागमती र गण्डकी प्रदेशका धेरै तथा कोशी, लुम्बिनी र कर्णाली प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

विभागका अनुसार आइतबार दिउँसो देशभर आंशिकदेखि साधारणतया बदली रहने छ । कोशी, बागमती, गण्डकी , कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भेगका केही स्थान तथा बाँकी भेगका केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

आइतबार राति देशभर आंशिकदेखि साधारणतया बदली रहने छ। लुम्बिनी र कर्णालीका केही स्थान तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । कोशी, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको पनि सम्भावना छ।

आगामी २४ घण्टामा लुम्बिनी प्रदेशका केही स्थानमा केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। विभागले कोशी, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेकोले ती क्षेत्रमा हुन सक्ने गेग्रान बहाव, बाढी, पहिराको जोखिमबाट बच्न अनुरोध गरेको छ।

साथै विभागले ती क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकोले सतर्कता अपनाउन पनि सम्बद्ध सबैमा आग्रह गरेको छ।रासस

# काठमाडौँमा तीन जनामा हैजा पुष्टि

काठमाण्डु । काठमाडौँमा तीन जना हैजाका बिरामी भेटिएका छन्। राष्ट्रिय जनस्वास्थ्य प्रशोगशालामा परीक्षण गर्दा कालीमाटी क्षेत्रका तीन जना पुरुषमा हैजा पुष्टि भएको स्वास्थ्य कार्यालय काठमाडौँका प्रमुख डा अर्जुन सापकोटाले जानकारी दिनुभयो।

बिरामीको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा उपचार भइरहेको छ। "तीन जनामा रोग पुष्टि भएको छ। हैजा कसरी फैलियो भन्नेबारेमा अध्ययन गर्न टोली पठाइएको छ। अन्यत्र फैलिन नदिनका लागि सचेत छौँ", डा अर्जुन सापकोटाले भन्नुभयो। यसअघि ललितपुरको एक सुधार केन्द्रमा हैजाका सात जना बिरामी भेटिएका थिए। कार्यालय प्रमुख डा सापकोटाले दूषित पानीका कारण हैजा फैलिएको हुनसक्ने बताउनुभयो। केही दिनअघि टुकुचा खोला र बागमती नदीको सङ्गम स्थलमा टेकुमा पोलियोको जीवाणु देखिएको थियो।

चिकित्सककानुसार हैजाको जीवाणु सङ्क्रमित खाना वा पानीको सेवन, सरसफाइ तथा स्वच्छ खानेपानीको कमीले लाग्ने गरेको गर्दछ। सङ्क्रमितको समयमै उपचार नभएमा मृत्यु पनि हुनसक्दछ। हैजाका मुख्य लक्षणमा पातलो तथा चौलानी पानी जस्तो दिसा, वाकवाकी र बान्ता हुने, कडा जलवियोजन हुने हुन्छ। यस्तै कडा लक्षण देखिएमा आँखा गाडिने, मुख, जिब्रो र घाँटी सुक्खा हुने, तिर्खा लाग्ने, छाला सुक्खा हुने, रक्तचाप कम हुने, पिसाब पहेँलो हुने र पिसाबको मात्रा कम हुने हुन्छ।रासस

# अध्यक्ष यादव मनिला प्रस्थान गर्दै



काठमाण्डु । जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादव आइतबार फिलिपिन्सको मनिला प्रस्थान गर्दै हुनुहुन्छ । एशियाली प्रजातान्त्रिक पार्टीहरुको सङ्गठन (सोकडेम एसिया प्यासिफिक) को यही जुलाई २९ तारिखमा हुन लागेको स्टेरिङ कमिटिको बैठकमा सहभागी हुन अध्यक्ष यादव त्यसतर्फ प्रस्थान गर्न लाग्नुभएको हो।

मलेसिया एयरलाइन्सको विमानबाट आइतबार राति ११:३० बजे मनिला जान लाग्नुभएका अध्यक्ष यादवसँगै जसपा नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध विभाग प्रमुख अर्जुन थापासमेत सहभागी रहनुहुनेछ । अध्यक्ष यादवले जुलाई ३१ मा प्रोग्रेसिभ अलाइन्सको ग्लोबल कन्फेरेन्समा 'वर्किङ फर अ न्यू प्रोग्रेसिभ एरा' विषयक कार्यपत्र प्रस्तुत गरी उक्त सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम छ। जुलाई ३० का दिन विदेश विभाग प्रमुख अर्जुन थापाले समेत सम्बोधन गर्नुहुनेछ।

सम्मेलनमा एसियाको ४१ देशमा प्रतिनिधि नेताहरु सहभागी हुँदैछन्। जुलाई २९ मा उद्घाटन हुने उक्त सम्मेलन तीन दिनसम्म चल्नेछ। त्यस अवसरमा अध्यक्ष यादव त्यहाँको राजनीतिक दल अक्बायन सिटिजन एक्सन पार्टीको महाधिवेशनको उद्घाटन सत्रमा पनि सहभागि हुने कार्यक्रम छ। जनता समाजवादी पार्टी, नेपाल सोकडेम एसिया प्यासिफिकको स्टेरिङ कमिटिको सदस्य हो। अध्यक्ष यादव यही साउन १७ गते स्वदेश फर्कने कार्यक्रम छ।रासस

# अवसरको खोजीमा सहर पस्दै ढोरपाटनका तिब्बती शरणार्थी

ढोरपाटन। काठका फल्याकले छाइएका, ढुङ्गा र माटोले बनाइएका पर्खाल, हेर्दा निकै आकर्षक देखिन्छन् यहाँका घर। वरपर कपडाका झण्डा फरफराइरहेका छन्। यी दृश्य हेर्न यहाँ पुग्ने जोकोही एकपटक टक्क रोकिन्छन् र बस्तीमा पुग्न पाए हुन्थ्यो सोच्छन्। ढोरपाटन नगरपालिका-६ को छेन्तुङ र वडा नम्बर ९ को स्यालपाखेमा रहेका तिब्बतीयन शरणार्थी बस्ती हुन् यी।

दशकौं अगाडि तिब्बतबाट आएका शरणार्थी अहिले पनि ढोरपाटनमा बसोबास गर्दै आएका छन् तर यहाँ पहिलेको जस्तो चहलपहल छैन। बस्ती सुनसानजस्तै छन्। शरणार्थीले ढोरपाटन छोड्दै गएका छन्। यहाँ रहेका ठूला-ठूला घर तथा भवन पनि जीर्ण बन्दै छन्।

विगतमा विभिन्न समस्यासँग जुधेर पनि यहाँका बस्तीमै रमाइरहने शरणार्थी अचेल भने अवसरको खोजीमा सहर पस्न थालेका छन्। त्यसैले केही वर्षयता ढोरपाटनमा उनीहरूको संख्या कम हुँदै गएको छ। खेतीपाती र पशुपालनबाट जीविकोपार्जन गर्दै आएका शरणार्थी अहिले व्यापार व्यवसायसँगै रोजगारीको खोजीमा काठमाडौँ, पोखरालगायतका सहर जान थालेका छन्। जसले गर्दा यहाँका बस्ती पातलिँदै गएका हुन्।

नोर्जेलिङ तिब्बतीयन क्याम्प ढोरपाटनकी सचिव छिरिङ भुदीले धेरैजसो शरणार्थी पोखरा र काठमाडौँ सरेको र अहिले बुढापाका मात्रै बस्तीमा रहेको सुनाउनुभयो। ढोरपाटनमा पहिले करिब डेढ सय परिवार रहेकोमा अहिले २० घरका करिब ४० जना मात्रै बसोबास गरिरहेका उहाँले जानकारी दिनुभयो।

जिल्ला प्रशासन कार्यालय बागलुङकानुसार पछिल्लो तीन वर्षमा शरणार्थी परिचयपत्र नवीकरण गर्नेको संख्या पनि कम छ। आव २०७८/७९ मा ५६ जना, २०७९/८० मा ५३ जना र गत आर्थिकमा ५० जनाले मात्र परिचयपत्र नवीकरण गरेको बागलुङका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो। हरेक वर्ष चैत मसान्तमा शरणार्थीको परिचयपत्र नवीकरण हुने गर्छ। कोहीले वर्षैपिच्छे र केहीले दुई वर्षमा एकपटक नवीकरढा गर्ने गरेको बरालको भनाइ छ। "विसं २०५२ पछि नयाँ पुस्ताले परिचयपत्र पाएका छैनन्। पछिल्लो समय शरणार्थीहरू विदेशीन थालेका र शरणार्थी महिलाले नेपालीसँग विवाह गरेर नेपाली नागरिकता पाउने भएकाले पनि परिचयपत्र नवीकरण गर्नेको संख्या कम हुँदै गएको छ", सहायक प्रजिअ बराल भन्नुहुन्छ"त्यसैगरी२९ वर्षेदेखि नयाँ परिचयपत्र वितरण भएको छैन। धेरैजसो देशबाहिर जान थालेकाले पनि बर्सेनि परिचयपत्र बनाउनेको संख्या घट्दै गएको छ।"

आफू ढोरपाटन मै जन्मिएको बताउने चालिस वर्षीया शरणार्थी भुदीले आफ्ना बुवा र हजुरबुवा विसं २०१८ मा ढोरपाटनमा आएको बताउनुभयो। यही जन्मेर र यही हुर्किंदा पनि शरणार्थीका समस्या समाधान नभएका उहाँको गुनासो छ। परिचयपत्रले मोबाइलको सिम कार्ड निकाल्न, बैंक खाता खोल्न, कारोबारदेखि अन्य सरकारी काम गर्न समस्या रहेको भुदीले सुनाउनुभयो। "बच्चाहरू स्कूल पढ्छन, ठूलो भएर विदेश जान खोजे पनि समस्या छ। रासस

# दुर्घटना दोहोरिन नदिन सरकारको ध्यानाकर्षण



काठमाण्डु । प्रतिनिधिसभाको बैठकमा सांसदहरुले सौर्य एयरलाइन्सको विमान दुर्घटनाको उचित छानबिनगरी आगामी दिनमा यस्ता घटना दोहोरिन नदिनका लागि आवश्यक पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

आइतबारको बैठकको शून्य समयमा सांसदहरुले विभिन्न दुर्घटनामा जनधनको क्षति हुनु दुःखद् भएको उल्लेख गर्दै सौर्य एयरलाइन्स दुर्घटना र चितवनको सीमलतालमा भएको बस दुर्घटनामा निधन भएका नागरिकप्रति विभेद भएको भन्दै आपत्ति प्रकट गर्नुभयो।

सांसद अनिसा नेपालीले सौर्य एयरलायन्स दुर्घटनामा ज्यान गुमाउनेप्रति सरकारले श्रद्धाञ्जली दिए पनि सीमलताल बस दुर्घटनामा ज्यान गुमाउने नागरिकलाई स्मरणसमेत नगरेर सरकारले विभेद गरेकामा आपत्ति प्रकट गर्नुभयो। सांसद अम्मरबहादुर थापाले देशभर भएका दुर्घटनाबाट ठूलो जनधनको क्षति भएको भन्दै सरकारले समस्या समाधानतर्फ कुनै चासो नराखेको गुनासो गर्नुभयो।

सांसद अमृतलाल राजवंशीले गत असार २८ गते बस दुर्घटनामा परी ज्यान गुमाउने र सौर्य एयरलाइन्स दुर्घटनाको उचित छानबिनको माग गर्नुभयो। सांसद अर्जुननरसिंह केसीले भ्रष्टाचार नियन्त्रणका लागि निष्पक्ष र पारदर्शी छानबिनगरी जनतालाई आशा र भरोसा प्रदान गर्न माग गर्नुभयो । सांसद अशोककुमार चौधरीले भ्रष्टाचार तथा अनियमितताको छानबिन गर्ने प्रहरी कर्मचारीलाई समयअगावै सरुवा गरिएकामा गुनासो गर्नुभयो । सांसद असिम साहले सौर्य एयरलाइन्स दुर्घटनामा मानवीय तथा भौतिक क्षतिका अलावा मानवीय समवेदना पनि घाइते भएको बताउनुभयो। सांसद ईश्वरी घर्तीले विद्युतीय कारोबारका कारण दैनिक जनजीवन सहज भए पनि पछिल्ला दिनमा अवैध धन्दा मौलाएकाले नियमन गर्न माग गर्नुभयो।

सांसद ईश्वरीदेवी न्यौपानेले सीमलताल बस र सौर्य एयरलाइन्स दुर्घटनामा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्नुभयो। सांसद उर्मिला माझीले भुटानी शरणार्थी प्रकरणको छानबिनमा संलग्न उच्च प्रहरी कर्मचारीको समयअगावै सरुवा गरिएको भन्दै आपत्ति प्रकट गर्नुभयो।

सांसद एकनाथ ढकालले चालु आवको मौद्रिक नीतिले कर्जा विस्तार बढाउने र आर्थिक विकासलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो। सांसद कान्तिका सेजुवालले देशका विभिन्न स्थानमा विपद् र दुर्घटनाका कारण ज्यान गुमाउनेहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै पीडित परिवारलाई राहत उपलब्ध गराउन माग गर्नुभयो। सांसद कालुराम राईले राजधानी काठमाडौँको सडकपेटीको नाला खुला राख्दा दुर्घटनाको जोखिम बढेकामा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद किरणकुमार साहले पछिल्ला दिनका दुर्घटनाले नागरिकको सुरक्षामा सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

सांसद गङ्गा कार्कीले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकलाई विद्युत् महशुल उठाउनका लागि सहज वातावरण बनाइदिनुपर्ने बताउनुभयो । सांसदहरु अमृता अग्रहरि, कुसुमदेवी थापा, गोमालाभ सापकोटा, चन्द्रकान्त भण्डारी, चन्द्रबहादुर विश्वकर्मा, छिरिङ डम्डुल लामा भोटे, जावेदा खातुन, जीवन परियार, जुली महतोलगायतले सौर्य एयरलाइन्सको जहाज दुर्घटनाले नेपालको आकाश असुरक्षित रहेको भन्ने विश्वव्यापी रुपमा सन्देश गएकामा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। रासस

# 'कलेजो क्यान्सरको प्रमुख कारण हेपाटाइटिस भाइरस'

काठमाण्डु । आइतबार जुलाई २८, विश्व हेपाटाइटिस दिवस । कलेजोको क्यान्सरको प्रमुख कारक रहेको हेपाटाइटिस भाइरस 'बी' र 'सी'बारे सचेत नहुँदा धेरै जनाले ज्यान गुमाइरहेका छन्।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले सन् २०२२ सार्वजनिक गरेको तथ्याङ्कअनुसार विश्वभर हेपाटाइटिस भाइरस 'बी' र 'सी'बाट ३० करोड ४० लाख मानिस सङ्क्रमित छन् । डब्लुएचओका अनुसार मुख्यतः पाँच प्रकारका हेपाटाइटिसका भाइरस 'ए', 'बी', 'सी', 'डी' र 'ई' मध्ये 'बी' र 'सी'लाई बढी सङ्क्रामक मानिन्छ। यी दुई भाइरसका कारण विश्वभर औसतमा वार्षिक १३ लाखको मृत्यु र २२ लाख व्यक्तिमा नयाँ सङ्क्रमण देखिने गर्दछ।

पेट तथा कलेजो रोग विशेषज्ञ डा अनन्त श्रेष्ठका अनुसार हेपा भनेको कलेजो हो र टाइटिस भनेको सुन्निनु हो । केही कारणले गर्दा कलेजो सुन्निने वा त्यसमा क्षति पुग्यो भने हेपाटाइटिस हुन्छ। यसका भाइरस थुप्रै भए पनि हेपाटाइटिस बी र सी दुवैले दीर्घकालीन सङ्क्रमण गराउँछ। शरीरमा छिरेपछि रहिरहन्छ र बिस्तारै कलेजोमा क्षति गराउँछ। सुरुमा कलेजो सुन्निन्छ र १० देखि २५ वर्षपछि कलेजो सुन्निएपछि सिरोसिस हुन्छ । त्यसपछि कलेजो कडा हुन्छ । यी भाइरसले कलेजोको क्यान्सर पनि गराउनसक्छ।"

उहाँका अनुसार सुरुआती अवस्थामा कुनै लक्षण नदेखिने भएकाले ९० प्रतिशत बिरामीहरु सुरमा अनभिज्ञ हुन्छन् । डा श्रेष्ठ भन्नुहुन्छ, "हेपाटाइटिस बी लाग्नेबित्तिकै लक्षणहरु खासै देखिँदैन । मौन रुपमा नै असर गरिरहेको हुन्छ। ९० प्रतिशत जति कलेजो बिग्रिसकेपछि मात्र यसको लक्षण देखिन्छ। १० जनामध्ये नौ जनालाई हेपाटाइटिस बी भाइरस भएको थाहा हुँदैन र परीक्षण गरेका हुँदैनन्।"

लागुपदार्थ सेवनकर्ता, असुरक्षित सुइको प्रयोग गर्ने, हेमोडायलाइसिस गराइराख्ने, पटक-पटक रगत लिइराख्नुपर्ने रोगका व्यक्तिले हेपाटाइटिस सीको परीक्षण गराउनुपर्ने उहाँको सुझाव छ। उहाँ भन्नुहुन्छ, "रगत परीक्षण, परामर्श र समयमा उपचार गरिएमा कलेजोको क्यान्सर र कलेजो फेल हुनबाट बच्न सकिन्छ । 'बी'लाई नियन्त्रणमा राख्न सकिन्छ किनकी खोप सुविधा छ । तर 'सी' लाग्नै नदिन भन्ने त्यस्तो छैन । सीलाई ९९ प्रतिशतसम्म निको पार्न सकिन्छ । 'बी' भाइरस सङ्क्रमण भइसकेपछि पूर्ण रुपमा निको पार्न सकिँदैन तर सक्रिय भाइरसलाई निष्क्रिय बनाउने उपचार छन्।"

पेट तथा कलेजो रोग विशेषज्ञ डा अनिशा तिवारीले हेपाटाइटिस भाइरस 'ए' र 'ई' भाइरस सङ्क्रमित खाना र पानीका कारणले हुने गर्ने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "हेपाटाइटिस भाइरस 'बी' र 'सी' रगत लिँदा तथा यौनसम्पर्कबाट सर्नसक्ने हुन्छन् । यी दुई भाइरस शरीरमा बसिराख्ने भएकाले दीर्घकालीन रुपमा समस्या रहिरहन सक्छ।"

उहाँका अनुसार रगत र अल्ट्रासाउण्डबाट हेपाटाइटिसको परीक्षण हुन्छ। "हेपाटाइटिस 'ए' र 'ई' छिटो निको हुने हुन्छ। 'बी'को खोप उपलब्ध छ तर 'सी'को भने हालसम्म खोप उपलब्ध छैन। सङ्क्रमण भए पनि डराउनुपर्ने अवस्था छैन। भाइरस निष्क्रिय पार्ने औषधिको सेवनले भाइरसलाई नियन्त्रणमा राख्छ र कलेजो फेल हुनबाट बचाउँछ।"कलेजोमा समस्या आए पेट दुख्ने, बान्ता आउने, वाकवाकी हुने, जन्डिस हुने र कालान्तरमा लिभर सिरोसिस गराउनसक्ने उहाँको भनाइ छ। रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| बृष | : अवसर प्राप्त। |
| मिथून | : वाद विवादबाट बच्नु। |
| कर्कट | : पुरस्कार प्राप्त लाभ। |
| सिंह | : नयाँ कार्य हुने। |
| कन्या | : बौद्धिक क्षमता। |
| तुला | : प्रतिभा सम्पन्नता। |
| वृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : धन वृद्धि सञ्चय। |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




वीरगन्ज महानगरपालिका- २७ मा सञ्चालित सिद्धि टेक्सटालको मुख्यद्वारमा आइतबार फोहर खन्याउँदै महानगरपालिकाका कर्मचारी। उद्योगबाट निस्किएको रसायण युक्त फोहर पानी सिर्सिया खोलामा मिसाएको आरोप लगाउँदै महानगरपालिका कर्मचारीले उद्योगको मूलद्वारमा नगरबाटसङ्कलन गरिएको फोहर खन्याएका छन्। *तस्बिरः रासस*

# भ्रष्टाचार मुद्दामा पूर्वमन्त्री जोशी दोषी ठहर



काठमाण्डु । सर्वोच्च अदालतले पूर्वमन्त्री गोविन्दराज जोशीलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको छ । न्यायाधीशद्वय विनोद शर्मा र बालकृष्ण ढकालको संयुक्त इजलासले जोशीलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको अदालतका सहप्रवक्ता गोविन्दप्रसाद घिमिरेले जानकारी दिनुभयो ।

उहाँका अनुसार अदालतले पूर्वमन्त्री जोशीलाई दोषी ठहर गर्दै नौ महिना कैद र रु ६९ लाख १५ हजार जरिवानाको सजाय सुनाएको छ ।

यसअघि विशेष अदालतले जोशीलाई गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्दै डेढ वर्ष कैद र रु दुई करोड १६ लाख १४ हजार तीन सय ७६ जरिवाना हुने फैसला सुनाइएको थियो । विशेष अदालतको उक्त फैसलाविरुद्ध जोशीले २०६९ साल फागुनमा सर्वोच्चमा पुनरावेदन दायर गरेका थिए । अदालतले भ्रष्टाचारकै मुद्दामा ताराराज पाण्डे र बासुदेव पन्तलाई भने सफाइ दिएको छ ।रासस

# अवैध लागूऔषध कारोबारमा संलग्न तीन पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । सशस्त्र प्रहरीले छुट्टा-छुट्टै स्थानबाट तीन जना भारतीय नागरिकलाई लागूऔषध गाँजा तथा चरेससहित पक्राउ गरेको जनाएको छ ।



सशस्त्र प्रहरीले पोखरिया नगरपालिका -१ स्थित बनकटवामा आकस्मिक चेकजाँच गर्ने क्रममा नेपालबाट भारततर्फ जाँदै गरेको बीआर २२ एबी १२९२ नम्बरको मोटरसाइकल र चालकको खानतलासी गर्दा भारतीय मोटरसाइकलको डिक्की र सिट कभरमुनि लुकाई छुपाई ल्याएको १२ किलो चरेस बरामद भएको थियो ।

सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस पोखरियाका प्रहरी नायब उपरीक्षक विक्रममणि अधिकारीको टोलीले मोटरसाइकल चालक भारत बिहारका १८ वर्षीय कुन्जन कुमार महतोलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको छ ।

त्यस्तै, शनिबारै जगरनाथपुर गाउँपालिका-२ स्थित दसौता बोर्डर ईलाकाबाट नेपालबाट भारततर्फ जाँदै गरेको बीआर २२ बीजे ३८९५ नम्बरको मोटरसाइकलमा सवार २ जना भारतीय नागरिकहरुलाई चेकजाँच गर्दा उनीहरुको झोलाबाट ४ किलो प्रतिबन्धित लागूऔषध गाँजा भेटिएको थियो ।

सशस्त्र प्रहरीले विहारको मझरिया जमुनिया-४ का ३२ वर्षीय सुरेश साह र मोटरसाइकलमा सवार भारत विहार पश्चिम चम्पारण तेलुवा-६ का ३१ वर्षीय सुगान्ती मलाहालाई पक्राउ गरेको जनाएको छ । उनीहरुलाई पनि गाँजा र मोटरसाइकलसहित आवश्यक कारबाहीका लागि पठाइएको सशस्त्र प्रहरीले छ ।

# कृषि समिति सभापतिको निर्वाचन कार्यक्रम सार्वजनिक




काठमाण्डु । सङ्घीय संसद् सचिवालयले प्रतिनिधिसभा मातहतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति सभापतिको निर्वाचन यही साउन १५ गते गर्ने गरी निर्वाचन कार्यक्रम सार्वजनिक गरेको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा सभामुखले समितिको रिक्त सभापतिको निर्वाचन आगामी मङ्गलबारका लागि निर्धारण गर्नु भएअनुरूप सचिवालयले निर्वाचन कार्यक्रम सार्वजनिक गरेको हो ।

निर्वाचन कार्यक्रमअनुसार सो समितिका कुनै सदस्यलाई सभापतिमा निर्वाचित गरियोस् भनी कुनै अर्को एक सदस्यको समर्थनसहित प्रस्ताव दर्ता गर्नुपर्नेछ ।

यस कार्यका लागि नयाँ बानेश्वरस्थित संसद् भवनको प्रतिनिधिसभा सचिवको कार्यकक्षमा सोमबार दिनको १ बजेदेखि ४ बजेसम्मको समय निर्धारण गरिएको प्रतिनिसभाका सचिव सुरेश अधिकारीद्वारा हस्ताक्षरित निर्वाचन कार्यक्रममा उल्लेख छ ।

निर्धारित समयभित्र दर्ता भएका प्रस्तावको दर्ता क्रमअनुसार सोमबार दिनको ४:३० बजे उम्मेदवारको सूची प्रकाशित हुनेछ । समितिको मङ्गलबार दिउँसो ४: ३० आरम्भ हुने बैठकमा प्रस्तावकले प्रस्तुत गरेको प्रस्तावलाई समर्थकले समर्थन गरेपछि निर्णयार्थ प्रस्तुत गरिने छ ।यसअघि समिति सभापति रहुनभएकी नेपाली कांग्रेसकी नेत्री डा आरजु राणा देउवा परराष्ट्रमन्त्री भएपछि नयाँ सभापति चयन गर्न लागिएको हो ।रासस

# कारागार र बालसुधारगृहको सुधारमा तीनवटै तहबीच समन्वय आवश्यक छ : गृहमन्त्री लेखक

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले कारागार र बालसुधार गृहको सुधारमा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभा कानुन, न्याय तथा मानवअधिकार समितिको आइतबार यहाँ बसेको बैठकमा गृहमन्त्री लेखकले भन्नुभयो- "देशभरका कारागारमा कैदीबन्दीको संख्या अत्यधिक रहेको छ । भौतिक पूर्वाधरको अभाव छ", उहाँले भन्नुभयो, " भौतिक पूर्वाधार निर्माणमा जोड दिन आवश्यक छ ।"

गृहमन्त्री लेखकले बालसुधार गृहमा पनि ठाउँ अभाव तथा भौतिक संरचनाको कमी देखिएको बताउनुभयो । "आठ जिल्लामा नौवटा बालसुधारगृह छन्, यी सबैको अवस्था सुधार गरी राम्रोसँग सञ्चालन गर्नुपर्ने देखिएको छ", उहाँले भन्नुभयो । कैदीबन्दीको सिदा र दैनिक खर्च कम भएको विषयमा सरकारले ध्यान दिने गृहमन्त्री लेखकले बताउनुभयो । कैदीबन्दीले भोग्नुपरेका स्वास्थ्य र सरसफाइका समस्या सरकारले सम्बोधन गर्ने उहाँले आश्वासन दिनुभयो ।

"कैदीबन्दीको सीप विकास र आयआर्जनमा पनि सरकार गम्भीर छ", उहाँले भन्नुभयो, "कारागारलाई सीप विकास केन्द्रका रुपमा विकास गर्न जरुरी छ ।" यसबाट केही न केही उद्यम गरेर आयआर्जन हुने तथा "कैदीबन्दी व्यस्त हुने उहाँको भनाइ थियो । कैदीबन्दीको स्वास्थ्य बीमा र सीपको व्यवस्थाका साथै मनोपरामर्श कार्यक्रम आवश्यक भएको गृहमन्त्री लेखकले बताउनुभयो । कैद मिनाहाका सन्दर्भमा सर्वोच्च अदालतले दिएको पछिल्लो निर्देशनअनुसार अगाडि बढ्ने उहाँको भनाइ थियो ।

जबरजस्ती करणी र लागूऔषध सम्बन्धि अपराधलाई न्यूनीकरण र नियन्त्रण गर्नेतर्फ सरकारले ध्यान दिने गृहमन्त्री लेखकले बताउनुभयो । संसदीय समितिप्रति सरकार जावफदेही र जिम्मेवार हुने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । "सरकार सदनप्रति जवाफदेही र जिम्मेवार हुन्छ", उहाँले भन्नुभयो, " समितिको निर्देशन सरकारले गम्भीरतापूर्वक लिन्छ र सँगसँगै कार्यान्वयन पनि गर्छ ।" आर्थिक अभावबीच पनि सरकारले यथेष्ट ध्यान दिने उहाँले उल्लेख गर्नुभयो ।

समितिको बैठकमा गृहसचिव एकनारायण अर्यालले देशभर रहेका ७२ कारागारमध्ये अहिले १० वटाको स्तरोन्नति भइरहेको बताउनुभयो । "कैदीबन्दीको क्षमता विकास र पुस्तकालयको काम भइरहेको छ । कैदीबन्दीले कारगारमा बसुञ्जेलसम्म सीप सिक्छन्", गृहसचिव अर्यालले भन्नुभयो, "कैद मुक्त भएपछि पनि सोही अनुसार काम पाउने अवस्था रहन्छ ।" कैदीबन्दीको स्वास्थ्य बीमा गर्ने काम अगाडि बढाइएको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा कानुन, न्याय तथा मानव अधिकार समितिले मुलुकभरका बाल सुधारगृह र कारागारको अनुगमनका लागि बनाएका तीन उपसमितिले गृहमन्त्री लेखकलाई प्रतिवेदन बुझाएका थिए । प्रतिवेदनमा बाल सुधारगृह, कारागारको समग्र अवस्था, त्यहाँ देखिएका चुनौती एवं गर्नुपर्ने काम र सुधारका विषय उल्लेख छन् ।

बैठकमा सहभागी सांसदहरुले बाल सुधारगृहलाई यथासिघ्र व्यवस्थित गर्नुपर्ने सुझाव दिएका थिए । साथै बैठकमा समितिले बाल सुधारगृहको अवस्थामाथि अध्ययन गरेको प्रतिवेदनमाथि छलफल गरिएको थियो ।रासस

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ११ घर भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ११ बस्ने श्री असर्फि साहको नाती श्री बौएलाल साहको छोरा वर्ष ५९ को श्री लक्ष्मण साहको मिति २०८१/०२/२८ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४२०३४० मा भएको रकम भुक्तानी पाउँ भनि निज मृतकको पत्नी श्रीमती सुमन देवी कलवारले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
**जनकपुर शाखा, जनकपुर-२, धनुषा**
**फोन ०४१-५९०२६१**


**आयो करे यात्रा मंगलमय चारो धाम की**

**यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।**

**विशेष यात्रा सेवा ।** शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस । **बद्रीनाथ र केदारनाथ समेत ।**






टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।



**प्रो. पोषण प्रसाद साह**
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९४ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)


## मुखियापट्टी मुसहरनिया गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### तुलसियाही जब्दी, धनुषा
**मधेश प्रदेश**

## सेवा करारमा शिक्षक पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः- २०८१/०४/१४ गते)**

यस गाउँपालिकालाई शिक्षण सहयोग अनुदान अन्तर्गत तपसिलका पदमा माध्यमिक तह, नि.मा.वि. तह र प्राथमिक तहका रिक्त दरवन्दीका शिक्षक, सेवा करारमा पदपुर्ति गर्न आवश्यक भएकोले उल्लेखित योग्यता पुगेका उम्मेदवारहरुलाई यो विज्ञापन प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र रीतपुर्वक दरखास्त दिनका लागि सूचित गरिन्छ ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | तह | विषय | न्यूनतम शैक्षिक योग्यता | संख्या |
|---|---|---|---|---|---|
| १ | ०१/०८१/०८२ | माध्यमिक तह (कक्षा ९-१०) शिक्षण सहयोग अनुदान | अंग्रेजी | सम्बन्धित विषयमा स्नातक तह उतीर्ण गरेको | २ (दुई) |
| २ | ०२/०८१/०८२ | | गणित | | २ (दुई) |
| ३ | ०३/०८१/०८२ | | विज्ञान | | २ (दुई) |
| ४ | ४/०८१/०८२ | आधारभुत तह (कक्षा ६-८) शिक्षण सहयोग अनुदान | अंग्रेजी | सम्बन्धित विषयमा प्रवीणता प्रमाण पत्र तह उतीर्ण गरेको । | १ (एक) |
| ५ | ५/०८१/०८२ | | गणित | | १(एक) |
| ६ | ६/०८१/०८२ | | विज्ञान | | १ (एक) |
| ७ | ७/०८१/०८२ | आधारभुत तह (कक्षा १-५) रिक्त दरबन्दी | | कुनै पनि संकायमा प्रवीणता प्रमाण पत्र तह उतीर्ण गरेको । | १५(पन्द्र) |

**नोट**: बैकल्पिक उम्मेदवारहरु को हकमा शिक्षक सेवा आयोगवाट आ.ब.०७८/०७९ र ०७९/०८० मा संचालन गरेको प्रयोगात्मक परिक्षाको अन्तिम नतिजामा बैकल्पक सूचीमा परेको उम्मेदावारहरुलाई ७ सात दिन भित्रमा योग्यताक्रम तथा अन्तर्वार्ताको आधारमा सोझै छनौट गरि नियूक्ति गरिनेछ ।

**योग्यता र आवश्यक कागजातहरुः-**

१. **उमेर** :- शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।
२. **छनौट प्रक्रिया** :- लिखित परीक्षा, अन्तरवार्ता र प्रयोगात्मक ।
३. **पाठयक्रम** :- शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।
४. **दरखास्त दिने स्थान** :- आवेदनको ढाँचा www.mukhiyapattimusaharmiyamun.gov.np वाट डाउण्लोड गरी गाउँकार्यपालिकाको कार्यालय वा इमेल ठेगाना mmrmmun@gmail.com मार्फत फर्म भरी PDF आवेदन दिन सकिनेछ ।
५. **दरखास्त दस्तुर**:- माध्यमिक तह शिक्षक (कक्षा ९-१०) सम्मका लागि रु. १५००/-, आधारभुत तह शिक्षकका (६-८) का लागि रु. १२००।- आधारभुत तह (कक्षा १-५) सम्मका लागि रु. १०००/- मात्र प्रभु बैंक लिमिटेड, मुखियापट्टी शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १४८०१३४५३१७००१४३ वा गाउँपालिकाको राजश्व खातामा समेत दस्तुर बुझाउन सकिनेछ ।
६. **निर्वाह सुविधा**:- नेपाल सरकार अनुसार हुनेछ ।
७. बिज्ञान विषयको हकमा अध्यापन अनुमति पत्र भएको फारम पेश नभएमा अध्यापन अनुमतिपत्र नभएपनि समावेश गराउने, अध्यापन अनुमतिपत्र पेश गरेको खण्डमा प्राथमिकता दिईने छ र अरु विषयको हकमा स्थायी अध्यापन अनुमति प्रमाण पत्र अनिर्वाय हुनेछ ।
८. **आवेदन तथा संलग्न गर्नु पर्ने कागजातहरुः**- आवेदकले कागजात पेश गर्दा नोटरी पब्लिकवाट प्रमाणित गराई उल्लेखित कागजातहरुका प्रतिलिपि पेश गर्नु पर्ने हुन्छ ।
   - क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी
   - ख) दुई प्रति पासपोर्ट साइजको फोटो
   - ग) चारित्रिक प्रमाणपत्र
   - घ) शैक्षिक योग्यताको प्रमाणपत्र
   - ङ) शिक्षण पेशाको अनुभव खुल्ने प्रमाणपत्र
   - च) स्थायी अध्यापन अनुमति प्रमाणपत्र
९. यस सूचनामा उल्लेख नभएका कुरा तथा नियुक्ति सम्बन्धमा अन्तिम निर्णय गाउँपालिकाको हुनेछ ।
१०. सम्पर्क नम्वर ९८०७८६६१३७ र ९८१९८०८८३२ मा सम्पर्क गर्नुहोला ।

**प्रमुख प्रशासकीय अधिकृत**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

# विश्वासघातको मनोवृत्ति

विश्वास र आस्थालाई  पाइला-पाइलामा परीक्षा दिनु पर्छ । दृश्य होस वा अदृश्य यसका पाटाहरु फरक- फरक हुन्छ । विश्वास र आस्थामै अटुट बलियो सम्बन्धको सम्भावना हुन्छ । जीवनको सबैभन्दा ठूलो निधि यसमै निहित छ । सरकार जनताको विश्वासलाई फलीभूत गर्ने आशाको केन्द्र हो भने नेतृत्वकर्ताहरु विश्वासलाई सार्थकता दिने सारथी हुन् । विश्वास र भविष्यको सपना सजाएका आमजनताको मनोभावलाई बुझ्ने नेतृत्वकर्ताले इतिहास रचेका अध्यायहरु विद्यमान छन् । सत्ताको सञ्चालन नीति तथा कार्यक्रम , योजना कार्यान्वयनको विश्वासमा टिकेको हुन्छ । सत्ता विभिन्न दलहरुको समीकरणमा सञ्चालन छ भने नेतृत्वकर्ताले दलहरुसँग भद्र सहमति होस् वा लिखित सहमति त्यसको कार्यान्वयनको आधारसूत्र पनि विश्वास नै हुन्छ । सहमति गर्ने तर सहमति अनुसारको आचरण , व्यवहार र कार्यान्वयन पक्षमा नेतृत्वकर्ता वा नेतृत्व गर्नेको आकांक्षा , स्वार्थले सहमतिलाई बेवास्ता , षडयन्त्र , जालझेल तथा चलखेल गरी जसरी पनि सत्तामा सुपर ग्लुझै टाँसि रहने प्रवृत्ति हावी हुँदा विश्वासका आधार खण्डित भएको दृष्टान्त ठूलो चुनौती नै बनेको छ । संघमा त यसका खेलाडी धेरै छन् भने त्यसको प्रभाव प्रदेशमा पनि परेका उदाहरण मधेश प्रदेशका नेतृत्व गर्ने दल गरेको स्मरणीय पक्ष हुन । यहाँ पनि विश्वासलाई खण्डित गर्ने दोसाँधमा पुगेको अवस्थामा वैकल्पिक बाटोमा हिंडनेसम्मका क्षण स्मरणीय छ । ससारमा विश्वास खण्डित हुँदा अपराधका घटना पनि भएका उदाहरणहरु छन् । व्यवहारिक हिसावले विश्वासमा अविश्वासको बीउ अंकुरण हुँदा दुष्परिणामका घटना अनेकौ छन् । यसको परिदृश्यमा जस्तो सुकै षडुयन्त्र हुनसक्छ तर मूल अविश्वासको जरो अंकुरण कारण हुन्छ । छिमेकी देश भारतमै महात्मा गाँन्धी , इन्दिरा गाँन्धी , राजीव गान्धीको  हत्याका कारकको धागो पनि यसैसँग जोडिएको छ । आफ्नै हितेषी , आफ्नै रक्षक अपराधी साबित भएका नजिरको संख्या पनि कम छैन । यही भावभूमिको सेरोफेरोमा सर्लाहीमा पूर्वराज्यमन्त्री रामचन्द्र रायको हत्या उनकै घरमा काम गर्नेले गरेको प्रहरीको अनुसन्धानले पुष्टि भएको छ । रायलाई फरसाले हत्या गरेको निष्कर्ष प्रहरील् निकालेको छ । प्रमाणिकताका लागि बरामद भएको काम गर्नेको रगताम्य कपडा , फरसा र अन्य सामानलाई विधि विज्ञान प्रयोगशाला पठाइएको र रिपोर्टको पर्खाइ छ । हुन त रायका परिवारको घरमा काम गर्नेप्रतिको विश्वासमा  अहिले पनि कमी देखिएको छैन तर, घटनाको प्रकृति र बरामद भएको समानले काम गर्नेकै  संलग्नता संकेत छ । विश्वासघात गर्ने आपराधिक मनोवृत्ति वृद्धि हुनु सोचनीय छ ।

# एसइईको ग्रेडवृद्धि परिक्षा तयारी

माध्यमिक शिक्षा परिक्षा (एसइई) का ग्रेड वृद्धिको परिक्षामा सहभागी हुन विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले आवश्यक सुचना निकालेर देशभरिकै विद्यालयमा अनिवार्य रुपमा सुचारु गर्न लगाएको कदम एकदम् सराहनीय रहेको छ । तर यसको नियमित अनुगमन सम्बन्धित निकायले गरेनन् भने हातलागि जीरो भने उपलब्धि होला

## यसर्थ् यसपालीका एसइई नतिजामाऔसत प्रतिशत पनि घट्दैजानुका प्रमुख कारणहरु :

**समुदायिक विद्यालय तथा संस्थागत विद्यालयबीचको खाडल**

वास्तवमा हिजोआज करिव देशव्यापी, नेपालै भरिको वहुर्चाको विषय एसइई नतिजा प्रकाशन रहेकोछ । विगतका केहि वर्षको तुलनामा यसपलीको एसईइका रीजल्ट हेर्दाखेरि जोकाहीलाई संवेदनसील बनाएकोछ । किनकी विगतमा प्रायजसो करिब पचास प्रतिशत भन्दा माथि नै औसत प्रतिशत पास हुन्थ्यो भन्देखिन यसपाली केबल ४८ प्रतिशतमा झरेकोले आम जनतामा यसप्रति यस्तो ठुलो निराशा छाएको कुरा त स्वभाविकै हो नि ? हुनत समुदायिक विद्यालयहरुका अपेक्षामा संस्थागत विद्यालयहरुकै रिजल्ट राम्रो र संतुष्टिजनक रहे तापनि समुदायिक विद्यालयका प्रयास सार्थक नै मान्नु पर्दछ किनकी यसका पछाडि पनि विभिन्न कारकहरु रहेका छन् । ति सबै कारक तत्वहरु मध्ये सब भन्दा प्रमुख कारक तत्व चांहि संस्थागत विद्यालयका र समुदायिक द्यिालयका सञ्चालन प्रकृया देखि लिएर फितलोकक्षाव्यवस्थापन अनि यसको अवैज्ञानिक अव्यवस्थित तौर तरिकाको बीचको खाडल नै रहेको छ ।

सर्वप्रथम् समुदायिक विद्यालयमा पिछडावर्ग देखि उत्पीड्ीत, दलित तथा अति विपन्न परिवारका बच्चाहरु ८० प्रतिशत हुन्छन् भने करिब २० प्रतिशतका हराहारिमा हुनेखानेका बच्चा जो समान्य पेशाकर्मीहरुका परिवारका हुन्छन् । यसर्थ् गरिब परिवारका बच्चाहरु कक्षाकार्य र गृहकार्य समेत गर्न पांउदैनन् तसर्थ् उनिहरुका बेश भनेको जरैदेखि मजबुत हुंदैनन् । अर्कातर्फ यहां गणित विज्ञान तथा अंग्रेजी विषयका शिक्षकको प्रायः अभाव नै हुने गर्दछन् । दरवन्दी मिलान तथा आवश्यकताको आधारमा विद्यालयहरुमा सम्बन्धित विषयका दरवन्दीको समुचिथत व्यवस्थापन हुंदै हुंदैनन् । तर यसको ठीक विपरीत संस्थागत विदालयका बच्चाहरु ८० प्रतिशत धनी परिवारका हुन्छन्, तिनीहरुलाई कक्षाकार्य तथा गृहकार्य गर्नकालागि अभिभावकले होम ट्यिूशन देखि कोचिंग कक्षाको समेतका व्यवस्थापन चांहि राम्ररी नै गरेका हुन्छन् । यति मात्र होइनन् तिनीहरुका बच्चा मानसिक र शारीरिक रुपमा समेत तन्दरुस्त देखिन्छन् भने समुदायिक विदालयमा अनिवार्य रुपबाट नियमित तथा सघन अनुगमन नभएको कारणले बच्चाहरु कुपोषणका शीकार समेत भएका हुन्छन् । किनकी तिनीहरुका लागि गरिएको खाजा व्यवस्थापन कार्यक्रम ८० देखि ९० प्रतिशत विद्यालयमा पौष्टिक तत्वले भरिपूर्ण चाहिं हुंदै हुदैनन् । यसरी मानसिक तथा शारीरिक रुपबाट स्वस्थ तथा तन्दरुस्त यदि, कुनैबच्चा नभए सम्ममा उसको बौद्धिक विकासमा ठुलै असर पारेको हुन्छ भने कुरा कसैले पनि नकार्न सकिंदैनन् ।

अर्कातर्फ हाम्रो समुदायका अभिभावक यति संकिर्ण छन्कि अमेरिकाको ठीक विपरित समुमायिक विदालयमा जति पनि राम्ररी पढाए पनि आफ्ना बच्चाहरु लगेर संस्थागत विद्यालयमा अर्थात् बोर्डिगंमै लगेर थुपार्दछन् । अमेरिकामा समुदायिक विदालयको उन्नती तथा प्रगति यहांको ठीक विपरित हाम्रो निजी तथा प्रईभेट बोर्डींग झैं छन् भने त्याहांका नीजी, प्रईभेट तथा बोर्डींग स्कुलहरुका दुर्दशा चाहिं यहांका सरकारी तथा समुदायिक विद्यालयहरु झै नै रहेको छ । यसर्थ् आजको दिनमा अमेरिकाको शिक्षा प्रणाली यति चुस्त र दुरुस्त भएकै कारण शिक्षा तथा अन्य विकासमा फड्को मारी उनिहरु हामी भन्दा यति अगाडि छन् । त्यहां समुदायिक विद्यालयको तरक्कीसंग नीजि विद्यालयको कुनै तुल्ना नै छैनन् । यसरी यहां सर्वप्रथम् यस्तो खाडललाई सम्बन्धित् सबै सरोकारबालाले यदि जब सम्म पुर्ने कोर्सिस चाहि गर्दैनन् तब सम्म यहांको विद्यालय स्तरको रिजल्ट देखि लिएर कुनैपनि शैक्षिक सुधारको कल्पना गर्न सकिंदैनन् । मानौ शत्रको सुरुमै बालविकासको भर्ना दर चाहिं अधिराज्यभरि एघारलाखको हराहरीमा रहेको संख्या किन पांचलाखको संख्यामा सिमित भएर गएको होला? एसइई दिंदा सम्म किन ड्रप आउट हुंदा रहेछन् त यति भारीको संख्यामा तिनीहरु, त्यसका लेखा जोखा किन गरिंदैनन् ?

**दुई दुई वर्षको करोना संकटकालमा अध्यन अध्यापनको कमभंग**

आज भन्दा दुईवर्ष पूर्व कल्पाना गर्नुस् करोनाको कहरबाट केवल हाम्रो मुलुक होइनन् कि विश्व नै कति पिडित थियो, यस्तो संकटकालमा यी बच्चाहरु आधारभुत तहकै सात आठ कक्षाामा नै थिए होलान् । त्यतिखेर यस्तो आफत र विप्पदले देशभरिका २५ देखि ३० प्रतिशत नीजि विद्यालयहरु सदाकालागि बन्द नै भए । बांकीको करिब ४० प्रतिशतले भर्चुवलकक्षा ऐनतेन औनलाईन लर्निंग सञ्चालन गर्न सफल चांहि भए । तर समुदायिक विद्यालयका केबल २० प्रतिशत विद्यालयहरु जुन शहरी क्षेत्रमा सुविधा समपन्न थिए त्यतिमात्रले एनतेन प्रविधिक सञ्जाल मार्फत् चांहि यो अनलाईन कक्षाहरु सञ्चालन गर्न सफल भए भने, हामीले यहां के बुझ्न जरुरी छ कि केबल ४० प्रतिशत बच्चाको आधारभुत लेभलको बेसिक ज्ञान थिए होलान् भने दुई वर्ष पछिको माथिल्लो कक्षामा यदि यिनिहरुले ४८ प्रतिशत औसत रिजल्ट यदि कटाएका छन् भने यसलाई एकप्रकारले संतुष्टिजनक मान्ने कि नमान्ने ?

अर्थात् यस्तो संकटकाल खण्डको अवस्थालाई र द्धन्दपिडित घरीको तनाव पारगर्दागर्दै पक्कै पनि पठन पाठनको नियमित प्रकृयाको क्रमभंग भएको थियो होलान् यद्यपि दुई तीन वर्षको केवल मिहिनेतले माथिल्ला कक्षाहरु ४८ प्रतिशतको औसतले कटाउनु भनेको यसलाई चांहि संतुष्टि जनक नै मान्नु पर्दछ । काठमाडौं महानगर पालिकामा समुदायिक विद्यालयले ७० प्रतिशतको भन्दा पनि माथि चांहि कटाउन सफलभए होलान त? सबै व्यवस्थापनमा भर पर्दो रहेछ नि? जसको तुलना चांहि अरु कसैले गर्न सक्दैनन् ।

**समुदायिक विद्यालयहरुमा दरवन्दी व्यवस्थापन तथा दरवन्दी मिलानमा हेलचेक्रयांई पनि यसको प्रमुख कारण**

वास्तवमा यदि भन्ने हो भने, समुदायिक विद्यालयको पठन पाठन ठप्प पर्नुको पछाडि एउटा प्रमुख कारण भनेको एउटा यो पनि हो, कि दुर्गम् तथा विकट क्षेत्रदेखि लिएर सुगम क्षेत्रमा समेत पनि यस्तो विषयगत दरबन्दीका अभावका कारण तल्लो तहका शिक्षककहरुद्धारा नै कक्षा सञ्चालन हुंदै आई रहेको देखिन्छ, जसको परिणाम स्वरुप आज यो नतिजा केबल ४८ प्रतिशतमा आएर झरेको देखिन्छ, भने कुरालाई नकार्न सकिंदैनन् । विद्यार्थीका कक्षा उकास्ने परिक्षा भन्दा कति गुणा महत्वपूर्ण उनीहरुका आन्तरिक मुल्यांकण जो निरन्तर रुपमा भइ रहनु पर्दछ, जसको अवलम्बन भनेको ५० प्रतिसत नीजी विद्यालयमा हुन्छन् होला भने यसको ठीक्क विपरित चांहि सरकारी तथा समुदायिक विदालय मध्ये २५ प्रतिशत विद्यालयमा मात्र सिमित रहेको होला भने तथ्य छुपेको छैन । अर्थात् यसबाट नै अनुमान लगाउन सकिन्छ कि,मानौ जहां ५० प्रतिशतको तुलनामा आन्तरिक मुल्यांकण निरन्तर रुपमा सञ्चालन हुंदो रहेछ, भने त्यहां पक्कै पनि ५० प्रतिशतको भन्दा माथि औसत परिणाम आउन सक्छ भने यसको ठीक्क विपरित जहां केवल २५ प्रतिशत विद्यालयमा आन्तरिक मुल्यांकण त्यो पनि नियमित तथा निरन्तर रुपमा सञ्चालन नभई केवल हचुवाको तालमा यस्तोखाले संवेदनशील आन्तरिक परिक्षा प्रणाली लागु हुंदो रहेछ भने, त्यहांका विद्यार्थी ४८ प्रतिशत नतिजा ल्याउनु त संतुष्टि जनक नै रहेछ नि ?

**शिक्षकहरूका दलगत राजनैतिक मृगतृष्णा तर पठनपाठनप्रति वितृष्णाका कारण पनि शिक्षा**

**शिक्षणमा नकारात्मक परिणाम**

हुनत समुदायिक विद्यालयका शिक्षकहरु पनि केहि हदसम्म यस्तो नतिजाको जिम्मेवार रहेका छन् । कारण समुदायिक विदालयका लगभग ८० प्रतिशत अप्रत्यक्ष रुपमा तर २० प्रतिशत प्रत्यक्ष् रुपमा दलगत राजनीतिक प्रतिनीधि भएर पेशागत संघ संगठनमा आवद्ध भइ विद्यालय स्तरका शिक्षा शिक्षण क्षेत्रलाई अस्त व्यस्त तथा लथालिंग समेत तुल्याएको छ । प्रत्यक्ष् रुपमा विभिन्न संघ संगठनका कार्यसमितिमा प्रतिनिधित्व गर्ने करिब २० प्रतिशत शिक्षकहरु उल्टै प्रधानाध्यापकलाई थर्काउने देखि लिएर केबल डाईरेक्शन दिने गर्दछन्, यदि आफै प्रधानाध्यापक भए अझै मनोमानि गर्ने गर्दछन् ।बांकी पढाउने ८० प्रतिशत शिक्षकहरुमा पठनपाठन प्रति वितृष्णा तर राजनैतिकदलका झण्डा बोक्ने मृगतृष्णा बढाउने काम यहि प्रतिनीधि तथा पदाधिकारीले नै गरेका छन् ।

अर्थात् जसरी कलेज क्याम्पस् तथा यूनिभर्सीटीहरुमा राजनीतिको प्रत्यक्ष् हस्तक्षेपले गर्दा शैक्षिक गतिविधि तथा पठन पाठन समेतमा नकारात्मक असर पार्ने गर्दछन् ठीक्क त्यसैगरी समुदायिक विद्यालयमा पेशागत संघ संगठनका प्रतिनीधि तथा पदाधिकारीका राजनैतिक मृगतृष्णाले अधिकतम् शिक्षकहरुका शिक्षण प्रति वितृष्णा बढाएको कारणले गर्दा चाहिएको गुणात्मक परिणाम ल्याउन कठीनाइको सामना गर्नुपरि रहेको

**नन्ग्रेड लयाउेन विद्यार्थीहरूलाई मौका परिक्षा नै ठुलो अवसर**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.न.५६३ यहि मिति २०८१।०३।१४ को पत्रबाट उल्लेख भई आए बमोजिम २०८१ साउन महिनामा हुने माध्यमिक शिक्षा परिक्षा (एसइई) को (ग्रेडवृद्धि) पूरक परिक्षामा गत २०८० चैत्रमा सञ्चालित परिक्षाको नतिजामा ग्रेड कायम नभएका सबै विषयमा विद्यार्थीहरु सहभागी हुने व्यवस्था मिलाइएकोले त्यस्ता विद्यार्थीहरु लक्षित शिक्षण सिकाइ सम्बन्धी देहाय अनुसार कार्यहरु गर्नु र गराउन अनुरोध पनि गरिएको छ।

स्थानीय तहले यसरी विदालयबाट सञ्चालन हुने अतिरिक्त कक्षा सञ्चालनका लागि अनुगमन, समन्वय लगायतका कार्यहरुको पनि प्रबन्ध मिलाउनु हुन अनुरोध गरिएको छ । साथै यसकार्यमा नेपाल शिक्षक महासंघ, प्याब्सन, ऐन प्याब्सन, शिक्षकका पेशागत विषयगत संघ संस्था, शिक्षा क्षेत्रमा कार्यरत गैर सरकारी संस्था, नागरिक समाज, अभिभावक सञ्चार माध्यम एवम् संपूर्ण सरोकारवालाहरुलाई समन्वय एवम् सहजीकरणका लागि समेत अनुरोध गरिएको छ ।

अतः यसपाली ती ५२ प्रतिसत ननग्रेड ल्याउने छात्रछात्राहरुका लागि यहि आंउदो श्रावण २३ गते देखि हुन गइरहेको मौका परिक्षा एक प्रकारको ठुलै अवसर प्रदान हुनेछ तव, जब ति नन्ग्रेड ल्याई असफल भएका संपूर्ण विद्यार्थीले यसै परिक्षामा ग्रेडवृद्धि गर्ने सुनौलो मौकाको सदुपयोग गरी सतप्रतिशतले सफल हुने मौका पाउने छन् । कारण यदि यस मौका परिक्षामा यीनीहरु सबै सफल भए भनेअघि पासहुने नियमित विद्यार्थीहरुका संगसंगै कक्षा ११ मा सजिलै अध्ययन गर्न पाउने मौका अवश्य मिल्ने छन् । अन्यथा यस अवसरका यदि सदुपयोग गर्न जानेनन् भने पछि एक शत्र पछाडि परेर पछुताउनु पर्नेछन् । यसर्थ् यो मौका परिक्षा यिनीहरुकालागि एउटा ठुलो सुनौलो अवसरको रुपमा सावित गर्नको लागि पक्कै पनि अझै कठीन परिश्रमको आवश्यकता पर्दछ । यस कठीन परिश्रमको घरीलाई अनिवार्य रुपले सबै अभिभावक गुरुजन तथा संपूर्ण छात्रछात्रा मिलेर सदुपयोग गरी मौकाको फाईदालाई खेर नफालौ ।

हुनत यस भन्दा पनि खस्केको नतिजा प्रजातन्त्रकाल २०४६ भन्दा पहिले पनि आउने गर्दथे । यता गणतन्त्रमा आएर लेटर ग्रेडींग प्रणाली २०७२ देखि लागु गरको हो, पछि यसलाई विदेशी मोडेलमा परिमार्जन गरि अझै विकसित तुल्याउदैजाने अवधारण रहेको छ । हुन सक्छ यो परिक्षणकालमा यस्तो ननग्रेडींग परिणाम बढि आएको होला तर यसैगरी, हुनसक्छ पछि पठन पाठनमा अपेक्षाकृत प्रगति हुंदैजाने हो भने, भोलिको दिनमा पनि अझै सुधार तथा परिमार्जन सहित प्रगति हुंदै जानेछन् जसले गर्दा यसका नतिजमाा यस भन्दा पनि अझै संतुष्टिजनक परिणाम हुंदैजानेआशा पनि गर्न सकिन्छ । तसर्थ् तत्काल यसको संपूर्ण दोष केवल शिक्षकहरुमाथि नथुपारेर कम्तिमा, अचेल नेपालका अन्य निकाय जस्तै भन्सार, मालपोत स्वास्थ्य, खानेपानी, अदालत, संचार, यतायात आदिमा जसरीभ्रष्टाचारले गर्दा नै लथालिंग अवस्थामा पुगेको अवस्थाछ त्यसलाई पनि कम्तिमा ४८ प्रतिशतको नै दरले सुधार शुभारम्भ होस वा सुधार गरी देखाओस् अनि मात्र शिक्षकमाथि कसैले यस्तो किसिमको दोषारोपन लगााउनु उचित हुनेछन् । विगतमा १५ प्रतिशत सम्म रहेका बजेट शिक्षामा क्रमशः केबल ९।१० प्रतिशतमा झार्दैजाने अनि सरकारले शिक्षामा गुणस्तर खोज्ने, कसरी संभव होला त?



डा.उदय कुमार यादव

> यसपाली ती ५२ प्रतिसत ननग्रेड ल्याउने छात्रछात्राहरुका लागि यहि आंउदो श्रावण २३ गते देखि हुन गइरहेको मौका परिक्षा एक प्रकारको ठुलै अवसर प्रदान हुनेछ तव, जब ति नन्ग्रेड ल्याई असफल भएका संपूर्ण विद्यार्थीले यसै परिक्षामा ग्रेडवृद्धि गर्ने सुनौलो मौकाको सदुपयोग गरी सतप्रतिशतले सफल हुने मौका पाउने छन् ।

# नयाँ सरकारको दायित्व



धनञ्जय दवाडी

भर्खरै नयाँ सरकार निर्माण भएको छ । परम्परागत प्रतिस्पर्धी दलहरु नै सरकारमा सहकार्य गर्न सहमत भएर साझा समझदारी सार्वजनिक गरेका छन् । दलहरुका निर्णयले जनमतको प्रतिनिधित्व र स्वामित्व दुवै ग्रहण गरेको हुन्छ । सरकार र संसद् आवधिक हुन् तर दलहरु सर्वकालिक हुन् । दल र तिनका नीतिले देशको विकास समृद्धि र अग्रगतिका लागि भूमिका खेल्दछन् । संसद्मा रहेका दलहरु प्रतिस्पर्धी र सहयात्री दुवै हुन् । विषय र एजेन्डाका आधारमा दलहरुले सहकार्य गर्नु र प्रतिस्पर्धा गर्नु सामान्य विषय हुन् । पार्टीका कामकारबाही वा तिनका विचार निर्माणको भूमिकालाई प्रभावकारी बनाउन सक्दा मात्र नेपालको भविष्यप्रति आशा जगाउन सकिन्छ ।

लोकतन्त्र जनमतका आधारमा चल्ने व्यवस्था हो । लोकतन्त्रमा निर्धारित कानुनी व्यवस्थाका आधारमा निर्वाचनका माध्यमबाट जनमतको परीक्षण हुन्छ । जनमतको प्रतिनिधित्व दलहरुले गर्दछन् । संसद् जनप्रतिनिधित्व गर्ने सर्वोच्च थलो हो, जसले सरकारका कामहरुको परीक्षण, नयाँ कानुनको निर्माण वा संशोधन गर्दछ  र विधि निर्माणका लागि छलफल र बहसमा भाग लिने गर्दछ । बहसको समाप्तिपछि निर्णयहरु कार्यान्वयनमा पठाउँछ । सामान्यतः संसदीय प्रणालीमा बहुमत प्राप्त दलको नेता प्रधानमन्त्री हुन्छन् र उनले नियुक्त गरेका संसद्का सदस्यहरु मन्त्रिपरिषद्का सदस्य हुन्छन् । कार्यकारी अधिकार ग्रहण गर्दछ्न् । संसदीय प्रणालीमा सरकारको गठन र विघटन संसद्हरुको हातमा हुन्छ । यो संसदको सामान्य प्रक्रिया पनि हो । संसद्मा दलहरुको उपस्थितिले नै मुलुकको शक्ति सन्तुलनको तस्बिर देखाउँछ । नेपालको संसद्मा यसअघि तेस्रो दलले पहिलो र दोस्रो दलको समर्थनमा सरकार सञ्चालन गरेको थियो । अहिले प्रमुख दुई दलको सहकार्यमा प्रधानमन्त्री केपी शर्मा ओलीले ले दुई तिहाइ मतले विश्वास पनि प्राप्त गर्नुभएको छ । नेपालको राजनीतिक इतिहासमा यस्तो विश्वास निकै थोरै पटक मात्र प्राप्त भएको छ । यसैले यो अवसर ऐतिहासिक र महत्वपूर्ण छ ।

वर्तमान अवस्थामा सामाजिक लोकतन्त्रमा विश्वास राख्ने दलका नेता कार्यकर्ताले संसद्लाई वर्गसङ्घर्षको एउटा मोर्चाका रुपमा बुझ्नु उपयुक्त हुन्छ । विगतमा  लोकतन्त्र र त्यसको अभ्यासमा  कमजोरी रहन गएकाले मानिसका सामूहिक क्षमतामा विकास भएन । नेपाली समाजमा प्रकट भएको वर्गसङ्घर्ष र अन्य मुलुकमा प्रकट भएको वर्गसङ्घर्ष पृथक देखिन्छ । यो पृथक चरित्रले नेपाली क्रान्तिको चरित्र नै पृथक ढङ्गले अगाडि बढेको छ । नेपालको जस्तो वर्गसङ्घर्ष विश्वका अन्य मुलुकका कम्युनिष्ट पार्टीहरुले सामना गर्नु परेको थिएन । नेपालको क्रान्ति परस्पर विरोधीजस्ता लाग्ने पार्टीहरुका बीचको संयुक्त मोर्चाबाट सम्पन्न भयो । क्रान्तिलाई संस्थागत गर्न नेपालका बामपन्थी र प्रजातन्त्रवादीबीच प्रतिस्पर्धा र सहकार्य निरन्तर चलिरहेको छ । एउटै दलले राष्ट्रिय शक्तिका रुपमा आफूलाई विकास गर्न भने सकेको छैन ।

आज विज्ञान र प्रविधिको चुनौती, विकास र काममा मेसिनको प्रयोगले वर्गसङ्घर्ष र तिनमा देखापर्ने पक्षधरता पनि संसदीय सङ्घर्षमा नै प्रकट हुने गरेको छ । यद्यपि हामी समाजवादका आधार निर्माणका चरणमा छौँ । समाजवाद निर्माणको चरण लामो र क्रमबद्ध हुन्छ । नेपालमा समाजवादको आधार निर्माणका क्रममा उपचरणहरु पार गर्दै अघि बढ्नु पर्दछ । पुँजीवादको नभई नहुने चरणबाट गुज्रिएर मात्र समाजवादको यात्रा प्रारम्भ गर्न सकिन्छ । पुँजीवादी उत्पादनका साधन, प्रक्रिया र लाभको वितरण प्रणालीलाई सामाजीकृत गरेर मात्र समाजवादमा पुग्न सकिन्छ । तर यो प्रक्रियामा आत्मगत अवस्था भएर मात्र पुग्दैन, वस्तुगत अवस्था परिपक्व बन्नु पर्दछ । वस्तुगत अवस्था परिपक्व बनाउनका लागि  सरकारले अगुवाइ गर्नुपर्दछ । यसका लागि संसदीय क्षेत्रमा श्रेष्ठता प्राप्त गरेर नेतृत्वमा पुग्नु वा सरकार सञ्चालनका प्रक्रियाबाट नीतिहरु परिवर्तन गर्ने प्रक्रियामा लाग्नु महत्वपूर्ण हुन्छ ।

नेपालमा संविधान निर्माणमा क्रियाशील हुने दलहरु नै यसको प्रभावकारी कार्यान्वयनमा उदासीन रहेको इतिहास छ । २०४७ सालको संविधान कार्यान्वयनमा आएपछि त्यसको रक्षा प्रयोग र विकासमा एकजुट हुनुपर्ने दलहरु नै विभाजित बने । तत्कालीन राजनीतिक शक्ति सन्तुलनबाट निर्मित यो संविधानको घेराबाट सबै व्यक्ति र शक्तिहरु बाहिर निस्कँदाको परिणाम नै त्यो संविधानको खारेजी भयो । विगतमा प्रणालीगत सुधार र विकास नगरेकाले नै लोकतन्त्रका जराहरु जनताका तहसम्म फैलिन सकेनन् । नयाँ संविधान कार्यान्वयनमा आएपछि पनि बर्तमान समयमा व्यवस्थापिका र यसका अङ्गहरुबीच सौहार्द्रपूर्ण अन्तरसम्बन्ध विकास गरेर नयाँ सोच र शैलीमा अघि बढ्नुपर्नेमा दलहरु एक अर्कालाई उपयोग गर्ने र सत्तामा टिक्ने भ्रममा केन्द्रित भए । परिणामतः जनतामा चरम निराशा, ठप्प प्रायः विकास निर्माण, कमजोर अर्थतन्त्र, चरम भ्रष्टाचार र उदासीनताले प्रश्रय पायो । यसबाट क्रन्तिका उपलब्धि सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति नै प्रश्नहरु उठ्न थाले ।

लोकतान्त्रिक प्रणालीमा नै प्रहार गर्न दक्षिणपन्थी शक्ति र प्रवृत्तिले चलखेल गर्न खोजे । जसले लोकतान्त्रिक क्रान्तिको नेतृत्व गरेका मुख्य ठूला दलहरुलाई क्रान्तिका उपलब्धिहरुको रक्षा गर्ने र समृद्ध मुलुक निर्माण गर्ने चुनौती स्वीकार गर्न आवश्यकता बोध भयो र यो गठबन्धन निर्माण भयो । विगतका गल्तीबाट सिक्ने र प्रतिस्पर्धात्मक क्षमता विकास गरेर लोकतन्त्रलाई स्थायित्व दिन जरुरी छ । व्यवस्थाप्रति जनविश्वास आर्जन गर्न, जनताका बीचमा गरिएका वाचा पूरा गर्ने र गरिएका काम र प्राप्त उपलब्धिहरुको युक्तिसङ्गत जनतामा विश्वास सिर्जना गर्नुपर्दछ । लोकरिझ्याइँमा विश्वास गर्ने दलहरुले समस्याको उठान त गरे तर समाधान दिने सामर्थ्यमा चुकेकाले आज प्रणालीमै प्रश्नहरु उठेका छन् । उठेका सबै प्रश्नको युक्तिसङ्गत र विश्वासनीय जवाफ सरकारले दिनुपर्दछ र विश्वास बढाउनुपर्छ । सङ्घीय लोकतान्त्रिक व्यवस्थाको जनविश्वासलाई जगेर्ना गर्न र जनतामा यस सङ्घीय व्यवस्था र जनप्रतिनिधिप्रति सिर्जना गरिएको भ्रमको पहाड भत्काउन सकिन्छ । दलका र तिनका क्रियाकलापबाट सङ्घीय लोकतान्त्रिक प्रणालीप्रति विश्वासमा बढोत्तरी गर्न सकिन्छ । प्रतिनिधित्व र नेतृत्वको सुनिश्चितताले मात्र व्यवस्थाप्रति विश्वास बढ्छ ।

वर्तमान सरकारका चुनौतीहरुपनि बेग्रेल्ती छन् । यसका लागि प्रभावकारी अनुगमन संयन्त्र हुन जरुरी हुन्छ । सबैभन्दा प्रभावकारी अनुगमन गर्ने संस्थाहरु भनेका आमजनसमुदाय नै हुन् । संसद्हरु निर्णय, प्रतिवेदन र निर्देशनहरु समयमा नै दिनसक्ने र कार्यान्वयन गर्न सक्ने हुनुपर्दछ । संसद्का काम कारबाहीहरुको अनुगमनका लागि संस्थागत संयन्त्र, पर्याप्त स्रोत र साधन, दक्ष जनशक्तिको आवश्यकता हुन्छ । अनुगमन मूल्याङ्कनलाई वस्तुगत र विश्वस्त बनाउन सरकारले काम गर्नुपर्दछ । सही ढङगले साधन, स्रोत र शक्तिको दक्षतापूर्ण परिचालन भएन भने सङ्घ, प्रदेश र स्थानीय तहका योजनाहरुको प्रभावकारी कार्यान्वयन हुन सक्दैन । सार्वजनिक शिक्षा, स्वास्थ्य, रोजगारी र सेवा प्रवाहका क्षेत्रमा समस्याहरु छन् । सहकारिता, सहअस्तित्व र समन्वयमा साथ अगाडि बढ्नु पर्ने तीनै तहका सरकारमा होडबाजी बढेको देखिन्छ । यसैलाई आधार बनाएर सङ्घीय प्रणालीका विपक्षमा हुनेहरुले आलोचनामा धेरै समय खर्चिएका छन् ।

राजनीतिको वर्तमान नेतृत्व क्रान्तिकालीन नेतृत्व हो । अब निर्माण र समृद्धिको नेतृत्व गर्ने समय हो । यही नेतृत्वले देखेको सपना समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य प्राप्तिका लागि सरकारले पूर्ण दक्षताका साथ काम गर्नुपर्दछ । यस प्रक्रियामा पन्छिएर तटस्थ वा नकारात्मक हुने छुट राजनीतिक दलहरुलाई रहँदैन । वर्तमानमा युवा पुस्ताको पेसाप्रतिको लगाव र चिन्तालाई नै ख्याल गर्नका लागि प्रणालीको विकास पहिलो अनिवार्य सर्त हो । वर्तमान गठबन्धनबाट संविधान र कानुन कार्यान्वयनमा उठेका प्रश्नको उत्तर दिन सकिन्छ र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ बनाउन सकिन्छ । राजनीतिक स्थायित्व सिर्जना गर्नका लागि पनि चुनौतीहरुको सामना दलहरुबीचको एकताबाट गर्न सकिन्छ । यो सहकार्यले नवनेपाल निर्माणमा देखापरेका चुनौतीको सामना गर्न सकिन्छ । संविधानको संशोधन, राष्ट्रिय हितको रक्षा, सुशासन र भ्रष्ट्राचार नियन्त्रण र विकास निर्माणमा तीव्रता दिनु वर्तमान सरकारको दायित्व हो । दुई ठूला दलबीचको समझदारी र परिपक्व नेतृत्वबाट समृद्धिको युगको नेतृत्व गर्न सकिन्छ । स्थिर सरकार र संसद्मार्फत प्रणालीको विकास सम्भव छ ।

संविधानले दिएको स्वतन्त्रतालाई उपयोग गरेर समाजलाई गतिशील बनाइरहनु पर्दछ । दल र तिनका नेतृत्वले कार्यकर्तालाई गतिशील र क्रियाशील बनाइरहेनन् भने संविधान आफैँले स्वतन्त्रता, भ्रातृत्व र समानताको सुनिश्चित गर्दैन । लोकतन्त्रमा दल र सरकार पृथक कुरा हुन् । सरकार आवधिक हो तर दलहरु सर्वकालिक हुन् । लोकतन्त्रको चरित्रले दलहरुलाई बदल्छ तर दलहरुको दर्शन, तिनलाई प्राप्त जनविश्वास र कार्यशैलीले मुलुकको लोकतन्त्रको भविष्य तय गर्दछ । यसैले हाम्रो मुलुकमा दल र तिनका क्रियाकर्ममा लोकतन्त्र निर्भर छ । नेपालमा आधारभूत रुपमा राजनीतिक काम सकिएको छ ।  अब आर्थिक विकासको काममा सबै दलको ध्यान केन्द्रित हुनु पर्दछ ।

लोकतान्त्रिक व्यवस्थामा पनि दलहरुले सरकारमा हुँदा र नहुँदा प्रदर्शन गर्ने व्यवहारले लोकतन्त्रलाई सहयोग पुगेको छ । सङ्घीयता एक जटिल पद्धति हो । यसको समुचित व्यवस्थापन गर्नु अहिलेको मुख्य कार्यभारको रूपमा बुझ्नुपर्दछ । नागरिकको जनमतबाट अनुमोदित भएको सङ्घीयताको फल प्राप्त गर्नका लागि प्रत्येक व्यक्ति थप जिम्मेवार र जवाफदेही बन्नुपर्दछ । संविधानले समाजवादसम्म जान सकिने प्रस्ट पारेको छ । नेपाली कांग्रेसले आफ्नो राजनीतिको प्रारम्भिक दिनमा लोकतान्त्रिक समाजवादलाई आफ्नो लक्ष्य निर्धारण गरेको थियो । नेपाली कम्युनिष्टहरु पनि पुँजीवादबाट गुज्रिएर नै समाजवादमा पुग्ने हुँदा दुवैको साझा गन्तव्य पुँजीको विकास र समृद्धि नै हो । दुवै दल एक भएर राजनीतिक स्थायित्व र मुलुक निर्माणमा सहमत भएका बेला द्रुत विकास प्राप्त गर्ने अवसरहरु छन् ।

लोकतन्त्र विधिको शासन हो । विधि निर्माता जनप्रतिनिधि हुन् । जनप्रतिनिधिहरु दलबाट आएका हुन्छन् तर ती प्रतिनिधिहरुको मूल स्रोतले हाम्रो लोकतन्त्रको मूल चरित्रमा प्रभाव पारिरहेको तथ्यलाई बिर्सन मिल्दैन । सरकारमा पुगेका जनप्रतिनिधिहरुलाई आसेपासेबाट जोगाउनु पर्दछ । आसेपासेहरुबाट मुक्त लोकतन्त्रले नै हाम्रा समस्याको समाधान र सुरक्षित भविष्यको निर्माण गर्दछ । संवैधानिक स्वतन्त्रताका लागि क्रियाशील हुनेछन् । लोकतन्त्र जति प्रभावकारी र सङ्घीयता सबल भए मात्र समृद्ध नेपाल बन्छ । सरकारले आफ्नै अनुभवबाट पाठ सिक्दै अघि बढ्ने, नियन्त्रणमुखी शासन सञ्चालनबाट सहजीकरणमुखी शासन सञ्चालनतिर बढ्ने, सुविधामुखी राजनैतिक र प्रशासनिक प्रणालीबाट सेवामुखी नेतृत्व प्रणालीतिर जान, राजनैतिक इच्छा शक्ति विकास गर्न सरकारले ध्यान दिनुपर्दछ । यही सहकार्यलाई सहज रुपमा अघि बढाउन सकिँदा नेपालको भविष्य उज्ज्वल बन्छ । लोकतन्त्र थप सुदृढ र प्रभावकारी बन्छ, जनविश्वास बढ्छ । (लेखक नेपाल कम्युनिष्ट पार्टी (एमाले) गण्डकी प्रदेश कमिटीका सचिव हुनुहुन्छ)रासस

# आगामी निर्वाचनमा एक्लै विजयी हुन्छौं: अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी निर्वाचन एक्लै लड्ने र विजयी हुने योजनाका साथ छलफल भइरहको बताउनुभएको छ।



पार्टी केन्द्रीय कार्यालयमा पेरिसडाँडामा आइतबार आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले नेपाली जनताले माओवादी केन्द्रलाई विजयी गराउने विश्वास व्यक्त गर्नुभयो । अध्यक्ष दाहालले भन्नुभयो, "पार्टीको पदाधिकारी बैठक चलिरहेको छ । बैठकमा आगामी चुनावमा एक्लै लड्ने र जित्ने योजनाका साथ छलफल चलिरहेको छ । यस्तो महत्वपूर्ण समयमा तपाईंहरू पार्टीमा आउनुभएको छ । यसले फेरि माओवादीलाई शक्तिशाली बनाएर देशमा सुशासन कायम गर्न महत्वपूर्ण सन्देश दिनेछ ।"

उहाँले १८ महिना सरकारको नेतृत्वमा रहँदा सुशासन, सामाजिक न्यायका पक्षमा अहोरात्र काम गरेको बताउनुभयो । अध्यक्ष दाहालले भन्नुभयो, "अठार महिना सरकारको हामीले नेतृत्व गऱ्यौ । हामीले असार २८ गते सरकार छोड्दा हामी विजयी भएर निस्किएका छौं। हामी सुशासनका पक्षमा विजय भएर निस्किएका छौं । भ्रष्टाचार र अनियमिततामा संलग्नहरु मिलेर सरकार बनाएको कुरा बच्चा बच्चालाई पनि थाहा छ । यो कुरा जनतालाई पनि बुझाउन जरूरी छ।"

माओवादी केन्द्रमा प्रवेश गर्दै युवा नेता जगदिश दाहालले प्रचण्ड सरकार इतिहासकै सबैभन्दा सफल सरकार भएको र प्रचण्ड सुशासनका नायक भएकाले माओवादी केन्द्रमा प्रवेश गरेको बताउनुभयो ।कार्यक्रममा नेकपा (एमाले), नेपाली कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टीलगायतका दलबाट मकवानपुर जिल्लाका ६० जनाभन्दा बढी नेता कार्यकर्ता माओवादी केन्द्रमा प्रवेश गर्नुभएको थियो ।रासस

# प्रतिनिधिसभा: 'जाँचबुझ आयोगले काम सुरु गरिसक्यो'

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले सौर्य एयरलाइन्सको विमान दुर्घटनामा जाँचबुझ आयोगले काम सुरु गरिसकेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरुले उठाएको प्रश्नको जवाफ दिँदै उहाँले दुर्घटना जाँच आयोगले दुर्घटनास्थलको स्थलगत अनुगमनगरी आवश्यक विवरण लिएको बताउनुभयो । आयोगले ककपीट भ्वाइस रेकर्डर (सिभिआर) र फ्लाइट डाटा रेकर्डर (एफडीआर) सङ्कलनगरी डाटा विश्लेषणको तयारी गरिएको उहाँले जानकारी दिनुभयो ।



अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को एनएक्स १३ को प्रावधान तथा गैरसैनिक हवाई उडान दुर्घटना जाँच नियमावली- २०७१ अनुरुप जाँचबुझ आयोग गठन गरिएको हो। प्रतिनिधिसभाको आजको बैठकको आकस्मिक समय र शून्य समयमा सांसदहरुले विमान दुर्घटनाको बारेमा प्रश्न गर्नुभएको थियो ।

पर्यटनमन्त्री पाण्डेले विमान दुर्घटनाबारे जाँच गर्न समिति बनिसकेको र सरोकारवाला विभिन्न निकायसँग परामर्श गरिएको भन्दै दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन मन्त्रालय प्रतिबद्धताका साथ लाग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले विमान दुर्घटनाको भोलिपल्टै संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा छलफल गरिएको बताउनुभयो ।

पर्यटनमन्त्रीका अनुसार यमनी नागरिकबाहेक मृतक सबैको शव आफन्तले बुझिसकेका छन् । यमनी नागरिकको हकमा शव व्यवस्थापनका लागि नेपालमा यमनको दूतावास नभएकाले यमनको दूतावास रहेको नजिकको मुलुकसँग सम्पर्क र समन्वय भइरहेको तथा शव व्यवस्थापनको खर्च सौर्य एयरलाइन्सले बेहोरेको छ ।

पर्यटनमन्त्री पाण्डेले दुर्घटनामा परी मृत्युभएका सबैप्रति मन्त्रालय र व्यक्तिगततर्फबाट भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै घाइते चालकदलका सदस्य क्याप्टेन मनिषरत्न शाक्यको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो ।विमान दुर्घटनामा मृत्यु भएकालाई बीमा नीतिअनुसार सरल र सहज रुपमा उपलब्ध गराउन कम्पनीले प्रतिबद्धता जनाएको छ । बीमा नीति अतिरिक्त एयरलाइन्सबाट रु सात लाखको सामाजिक सुरक्षा कोषसमेत रहेको छ ।

यस्तै मृतकमध्ये सौर्य एयरलाइन्सका आइटी इञ्जिनियर मनुराज शर्माको श्रीमती पृजा खतिवडा ऊर्जा मन्त्रालयको कम्प्युटर अपरेटरका रुपमा कार्यरत हुनुहुन्थ्यो । उहाँले एयरलाइन्समा पनि पार्टटाइमका रुपमा सोही पदमा काम गर्दै आउनुभएको एयरलाइन्सले जनाएको छ । बालक अधिराज शर्माको सम्बन्धमा काठमाडौँमा हेरचाह गर्ने व्यक्ति नभएपछि सँगै लगिएको जानकारी एयरलाइन्सले दिएको पर्यटनमन्त्रीले संसद्मा जानकारी दिनुभयो ।

हवाई नीति-२०६३ का अनुसार प्रेसराइज वायुयान १५ वर्षभन्दा पुरानो आयात गर्न प्रतिबन्ध लगाइएको अवस्थामा सौर्य एयरलाइन्सको विमान सो अवधिभन्दा मुनिको रहेको कम्पनीले जनाएको छ । नेपालले सन् २०१८ मा यात्रु बीमासम्बन्धी मन्ट्रियल सन्धि अनुमोदन गरिसकेको र उक्त व्यवस्था अन्तर्राष्ट्रिय हवाई यात्रुमा मात्रै लागू हुने भएकाले आन्तरिक उडानका लागि यात्रुको बीमा कम भएकाले आन्तरिक उडानका लागि बीमा विधेयक तर्जुमाको काम अगाडि बढिसकेको पर्यटनमन्त्रीले जानकारी दिनुभयो । हाल आन्तरिकमा यात्रु उडानका लागि रु २० हजार अमेरिकी डलर बीमा व्यवस्था गरिएको छ ।

एयरलाइन्सकातर्फबाट मृतकका परिवारलाई थप सुविधा उपलब्ध गराउन एयरलाइन्सका पदाधिकारीसँग छलफल गरिएको र कम्पनीकातर्फबाट सम्भव भएसम्म योग्यताका आधारमा रोजगारीको प्रबन्ध गर्ने प्रतिबद्धता जनाएको छ । मन्त्री पाण्डेले बीमा रकम सहज तवरले यथाशीघ्र उपलब्ध गराउन सौर्य एयरलाइन्सलाई निर्देशन दिइसकिएको बताउनुभयो ।

सौर्य एयरलाइन्सको सिआरजे ७ (९एन-एएमइ) कलसाइन विमान यही साउन ९ गते स्थानीय समयअनुसार बिहान ११ बजेर ११ मिनेटमा पोखरा उडानका क्रममा उड्नेबित्तिकै दुर्घटना भएको थियो । चालकदलसहित १९ जना सवार उक्त विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग ०२ बाट उडान गर्नेबित्तिकै दाहिने मोडिन गई धावनमार्गको पूर्वतिर रहेको स्थानमा दुर्घटना हुँदा १८ जनाको मृत्यु हुनुका साथै एक जना घाइते हुनुभएको छ । विमान दुर्घटनामा घाइते हुनुभएका क्याप्टेन मनिषरत्न शाक्यको सिनामङ्गलस्थित केएमसी अस्पतालमा उपचार भइरहेको छ । हाल उहाँको स्वास्थ्यावस्था सामान्य रहेको अस्पतालले जनाएको छ ।रासस

# संविधान संशोधनको औचित्यबारे स्पष्ट पार्नुपर्छ : सांसद शाही

काठमाण्डु । प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद महेन्द्रबहादुर शाहीले संविधान संशोधनको औचित्यबारे स्पष्ट पार्न सरकारसँग माग गर्नुभएको छ । वर्तमान सत्ता गठबन्धनले संविधान संशोधनको 'एजेन्डा' उठाए पनि त्यसको आवश्यकताको पुष्टि गर्न नसकेको उहाँले उल्लेख गर्नुभयो।



प्रतिनिधिसभाको आइतबारको बैठकमा विशेष समयमा बोल्दै सांसद शाहीले संविधानले दिगो विकासको आवश्यकता पूर्ति गर्न नरोकेको उल्लेख गर्दै दलहरुले आफ्नो गल्ती ढाकछोप गर्न विभिन्न बहाना बनाइरहेको आरोपस लगाउनुभयो ।

"वर्तमान सरकार गठबन्धनको मुख्य उद्देश्य संविधान संशोधन भनिएको छ, तर संविधान संशोधनको औचित्य के हो ? के अहिलेको संविधानले विकास नगर भनेको छ ? देशको दिगो विकासका लागि संविधानको कुरा कुन धाराले रोकेको छ ?", सांसद शाहीले प्रश्न गर्नुभयो । कुनै पनि दललाई स्पष्ट बहुमत ल्याउन संविधानले नरोकेको उहाँको भनाइ थियो ।

दिगो विकासका लागि सरकारले प्राथमिकता निर्धारण गर्न नसकेको सांसद शाहीको आरोप थियो । राज्यलाई ऋण थुपारेर अनावश्यक संरचना बनाएर आर्थिक दायित्व थप्ने र अनुत्पादक क्षेत्रमा जथाभावी लगानी गर्ने प्रवृत्ति बढिरहेको भन्दै उहाँले सरकारले बजेट छुट्याउने विभिन्न सडक र भवनको आवश्यकता के हो भनेर विश्लेषण गरिनुपर्ने बताउनुभयो । बिचौलियाको चलखेलमा सरकारको वार्षिक बजेटमा योजना तथा कार्यक्रम पर्ने गरेको उहाँले आरोप लगाउनुभयो ।

अहिलेको मुख्य आवश्यकता सुशासन कायम गर्नु रहेको र ठूला दलले सुशासन कायम गर्न नसके नागरिकस्तरमा समग्र दलीय प्रणालीप्रति नै वितृष्णा जाग्ने सांसद शाहीको बुझाइ छ । "सरकार देश र जनताका आवश्यकतासँगै जानुपर्दछ । नागरिकले मन्त्रीहरुको लामो सूची खोजेका होइनन् । देशका लागि दिगो आर्थिक विकास, सामाजिक र सुशासन हो", उहाँले भन्नुभयो, "सरकारमा रहेका दुई ठूला दलले राम्रो काम गर्न सकेनन् भने सबै राजनीतिक दलप्रति वितृष्णा बढ्छ ।"

सार्वजनिक संस्थानहरुको सम्पत्तिको दोहन भएको र भ्रष्टाचार बढेको सांसद शाहीले बताउनुभयो । त्यस्तै, विगतमा भएका कानुन विपरीतका कामलाई कारबाहीको दायरामा ल्याउनुपर्ने तथा सरकार नेताहरुको कमजोरी ढाकछोप गर्नेभन्दा पनि समग्र देशको हितमा उभिनुपर्ने धारणा राख्नुभयो ।रासस

# प्रधानमन्त्री ओलीले मङ्गलबार विशेष निर्देशन दिनुहुने

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले आइतबार विभिन्न सङ्घीय मन्त्रालयको कार्यप्रगतिबारे जानकारी लिनुभएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सबै मन्त्रालयका सचिवहरुसँग कार्यप्रगति र भावी कार्ययोजनाबारे जानकारी लिनुभएको प्रधानमन्त्री कार्यालयका सचिव कृष्णहरि पुष्करले जानकारी दिनुभयो ।

उहाँका अनुसार सचिवहरुले आफ्नो मन्त्रालयको कार्यप्रगति, वस्तुस्थिति, सुधारको मार्गचित्र, भावी कार्ययोजन, कार्यक्रम कार्यान्वयनका चुनौती र समाधानबारे प्रस्तुति दिनुभएको थियो । ओलीले प्रधानमन्त्री भएपछि पहिलो पटक यसप्रकारको बैठक बोलाउनुभएको हो ।

तयस अवसरमा उपप्रधानमन्त्रीद्वय, मन्त्रीहरु, प्रधानमन्त्रीका मुख्य सल्लाहकार, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सुरक्षा निकायका प्रमुखलगायतको उपस्थिति थियो । आज दिन ११:३० बजे सुरु भएको बैठक साँझ ५:३० बजेसम्म चलेको थियो । प्रधानमन्त्री ओलीले उक्त प्रस्तुतिकरणमाथि आगामी मङ्गलबारको बैठकमा विशेष निर्देशन दिनुहुने कार्यक्रम तय भएको जनाइएको छ ।

बैठकपछि प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमार्फत मङ्गलबार फेरि छलफल हुने बताउनुभएको छ । उहाँले लेख्नुभएको छ, "नागरिकलाई छिटो सेवा प्रवाह र विकासका कामलाई अगाडि बढाउन के-के समस्या छन्, कसरी काम गर्न सकिन्छ भन्ने विषयमा सचिवज्यूहरुले आ-आफ्ना मन्त्रालयको स्थितिबारे विस्तृतमा खुलेरै कुरा राख्नुभयो । भनिन्छ- समस्याको सही पहिचान नै आधा समाधान हो । अब भोलिको एक दिन हामीले सोच्ने समय लिएका छौँ र मङ्गलबार फेरि छलफल गरेर काम अगाडि बढाउने विषयमा निर्णय लिन्छौँ ।रासस

# माओवादी पदाधिकारी बैठक: जनपरिचालन र सङ्गठन निर्माणमा जोड



काठमाण्डु । प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को जारी केन्द्रीय समितिको बैठक आइतबार पनि जारी रह्यो । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आइतबारको बैठकमा मुलुकको पछिल्लो राजनीतिक अवस्था, सरकारबाट बाहिरिएपछिको अवस्था र पार्टीले आगामी दिनमा खेल्नुपर्ने भूमिका, जनपरिचालन र सङ्गठन निर्माणलगायतका विषयमा छलफल भएको उपाध्यक्ष एवम् प्रवक्ता अग्नि सापकोटाले जानकारी दिनुभयो ।

उहाँका अनुसार बैठकमा नेताहरु जनार्दन शर्मा, गणेश साह, हितमान शाक्य, गिरिराजमणि, श्रीराम ढकालले धारणा व्यक्त गर्नुभयो । उहाँहरुले सुशासन, सामाजिक न्याय र आर्थिक विकासका सन्दर्भमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले प्रभावकारी काम गरेको बताउनुभएको थियो ।सुशासन, भ्रष्टाचार नियन्त्रणका सवालमा सरकार प्रभावकारी तवरले अगाडि बढ्न खोजेपछि संसद्को पहिलो र दोस्रो ठूलो दल एक आपसमा मिलेको उहाँहरुको भनाइ थियो ।

प्रवक्ता सापकोटाका अनुसार, सरकारका रहँदा भएका सकारात्मक काम कारवाहीका विषयमा पनि सामूहिक रुपमा जनतामा लैजाने र कमी कमजोरीबारे सामूहिक रुपमा नै स्वामित्व लिनुपर्ने नेताहरुको भनाइ थियो ।शुक्रबारदेखि जारी पदाधिकारी बैठकमा नेताहरुले सरकारबाट पार्टी बाहिरिदा विजयी भावका साथ जनतामा जाने र त्यसका आधारमा सङ्गठन विस्तार गर्ने अवसर पैदा भएको उल्लेख गर्नुभएको थियो । माओवादी केन्द्रको पदाधिकारी बैठक सोमबार दिउँसो १ बजे पनि जारी रहनेछ ।रासस

# 'हवाई दुर्घटनाका कारण मुलुकको साख नै कमजोर बन्यो'

काठमाण्डु । प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरुले हवाई दुर्घटनाका कारण मुलुकको साख नै कमजोर बनेको भन्दै त्यसको कारण पत्ता लगाएर तत्काल समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।



बैठकको विशेष समयमा सांसद शिशिर खनालले परीक्षणका लागि कास्कीको पोखरा लैजान खोजिएको सौर्य एयरलाइन्सको जहाजमा अप्राविधिक व्यक्ति किन चढाइएको हो भन्ने प्रश्न गर्नुभयो । उहाँले पछिल्ला दिनमा हवाई दुर्घटनामा वृद्धि भएपनि नेपाल नागरिक उड्डयन प्राधिकरणका उच्च पदस्थ कर्मचारीलाई कुनै जिम्मेवार नबनाइएका आपत्ति प्रकट गर्नुभयो ।सांसद धवलशम्सेर जबराले नेपाल नागरिक उड्डयन प्राधिकरणको नियमन र सेवा प्रदायक नछुट्याउँदा समस्या पैदा भएको, मुलुक कालोसूचीमा परेको बताउनुभयो ।

राष्ट्रियसभाले पारित गरेको प्राधिकरणसँग सम्बन्धित विधेयक प्रतिनिधिसभामा पेस हुन नसक्नुको पछाडिको कारण पत्ता लगाउन उहाँको आग्रह थियो । सांसद राणाले नक्कली भुटानी शरणार्थी प्रकरण छानबिनका संलग्न उच्च प्रहरी अधिकारीलाई दुई महिना पनि नपुग्दै सरुवा गरिएका कारण के हो भन्ने प्रश्न गर्नुभयो ।सांसद मेटमणि चौधरीले डेडिकेटेड र ट्रङ्कलाइन प्रयोग गर्ने उद्योगले महसुल तिर्नैपर्ने बताउनुभयो । उहाँले ठूला व्यवसायीलाई सदासयता देखाउने र साना तथा कमजोरको लाइन काटिने अवस्थाको अन्त्य कहिले हुने होला भन्ने जिज्ञासा राख्नुभयो ।

सांसद रञ्जुकुमारी झाले सौर्य एयरलाइन्सको दुर्घटनाको निष्पक्ष छानबिनको माग गर्नुभयो । "मर्मत गर्नुपर्ने जहाजमा किन असम्बन्धित व्यक्तिलाई चढाइयो ?", उहाँले प्रश्न गर्नुभयो । सांसद अब्दुल खानले पछिल्लो १५ दिनमा हृदय विदारक घटना भएको उल्लेख गर्दै सौर्य एयरलाइन्स र सिमलताल दुर्घटनामा परेका नागरिकप्रति सरकारले विभेद गरेकामा गुनासो गर्नुभयो ।

सांसदद्वय गंगाराम चौधरी र राजकिशोर यादवले पनि बस दुर्घटना र हवाई दुर्घटनामा परेका नागरिकप्रति राज्यले नै विभेद गरेको बताउनुभयो। उहाँले मर्मत सम्भारमा जान लागेको जहाजमा महिला, बालबच्चा किन राखियो भन्ने प्रश्न गर्नुभयो ।सांसद रामप्रकाश चौधरीले खेतीको समयमा किसानले यथेष्ट मात्रामा रासायनिक मल प्राप्त गर्न नसकेको भन्दै गुनासो गर्नुभयो । सांसद प्रेम सुवालले मुलुकका विभिन्न वेथिती मौलाएको भन्दै जिम्मेवारीमा रहेकालाई कारवाहीको दायरामा ल्याउन आग्रह गर्नुभयो । उहाँले डेडिकेटेड र ट्रङ्क लाइनबाट बिजुली प्रयोग गरेका उद्योगलाई कुनै पनि हालतमा छुट दिन नहुने बताउनुभयो ।

सांसद नारायणप्रसाद आचार्यले देशभर अलपत्र परेका विभिन्न विकास आयोजनाको शीघ्र सम्पन्न गर्न आग्रह गर्नुभयो । उहाँले निर्वाचित जनप्रतिनिधिको संयोजकत्वमा विकास निर्माणका आयोजना छनोट गर्ने र कार्यान्वयनमा लैजाने गरी संयन्त्र निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।सांसद दामोदर पौडेलले कास्कीको विभिन्न स्थानमा बाढी र पहिरोका कारण जनजीवन प्रभावित भएको भन्दै प्रभावितलाई क्षतिपूर्ति र राहतको प्रबन्ध गर्न माग गर्नुभयो ।रासस

# सञ्चारमन्त्रीद्वारा मानवसेवा आश्रम भवनको निरीक्षण

लमजुङ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले यहाँ निर्माणाधीन मानवसेवा आश्रम भवनको निरीक्षण गर्नुभएको छ ।



बैंसीसहर नगरपालिका-९ पाखाथोकमा निर्माणाधीन मानवसेवा आश्रमको आइतबार यहाँ उहाँले स्थलगत निरीक्षण गर्नुभएको हो ।

आश्रमको निरीक्षण गर्दै सञ्चारमन्त्री गुरुङले आफू प्रदेशको मुख्यमन्त्री हुँदा नै आश्रमलाई सक्दो सहयोग गरेको र आगामी दिनमा पनि बजेटका लागि पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले असहाय, बेवारिसे, दिन दुःखीलाई आश्रय दिएर आश्रमले सराहनीय काम गरेको बताउनुभयो ।

सो अवसरमा आश्रमकी संयोजक अनिता अधिकारीले सञ्चारमन्त्री गुरुङलाई भाडामा आश्रम सञ्चालन गर्दा समस्या भएको बताउनुभयो । आश्रमका लागि धेरै संरचना बन्न बाँकी रहेको उहाँले सञ्चारमन्त्री गुरुङलाई जानकारी दिनुभयो ।

पहिरो रोकथाम गर्न, पर्खाल टेवा लगाउन, जग्गा सम्याउन र तीनवटा घर निर्माण गर्न रु ६ करोड खर्च भइसकेको संयोजक अधिकारीको भनाइ थियो । विसं २०७८ देखि आश्रम निर्माण थालिएको हो। गण्डकी प्रदेश सरकार, पालिका, विभिन्न सङ्घसंस्थाको भवन निर्माण भइरहेको छ। आश्रमको भवन निर्माण गर्न 'बालसपना समाज'ले पाँच रोपनी जग्गा निःशुल्क उपलब्ध गराएको छ । विसं २०७३ चैतदेखि बैंसीसहर नगरपालिका-७ मा घर भाडामा लिएर आश्रम सञ्चालन गरिएको छ । हाल आश्रममा २३ जना रहेका संयोजक अधिकारीले बताउनुभयो ।रासस

# वायु प्रदूषणले मौरीलाई फूल खोज्न कठिन बनायो : अनुसन्धान

एएनआई

वासिङ्टन । एक नयाँ अध्ययनअनुसार वायु प्रदूषणले फूलको गन्ध कम गर्ने भएकाले मौरीहरूलाई फूलहरू खोज्न कठिन बनाएको छ ।

युके सेन्टर फर इकोलोजी एन्ड हाइड्रोलोजी (युकेसिइएच) र दक्षिणी क्विन्सल्याण्ड विश्वविद्यालय सम्मिलित एक अनुसन्धान टोलीले ओजोनले फूलहरूको गन्धको आकार र सुगन्धमा ठूलो परिवर्तन ल्याउँछ र यसले मौरीहरू घटाएको पत्ता लगाएको छ । यसबाट मौरीहरूको केही मिटरको दूरीबाट गन्ध पत्ता लगाउने क्षमता ९० प्रतिशतसम्म कम भएको छ ।

सामान्यतया सवारी साधन र औद्योगिक प्रक्रियाहरूबाट नाइट्रोजन अक्साइड उत्सर्जन सूर्यको प्रकाशको उपस्थितिमा वनस्पतिबाट उत्सर्जित वाष्पशील जैविक यौगिकहरूसँग प्रतिक्रिया हुँदा जमिन-स्तरको ओजोन बन्दछ ।अनुसन्धानमा सहयोग गर्ने बर्मिङ्घम विश्वविद्यालयका प्राध्यापक क्रिस्चियन प्रफ्राडले भन्नुभयो, "हाम्रो अध्ययनले फूलको गन्धमा जमिन-स्तरको ओजोनमा हुने परिवर्तनले परागकणहरूलाई प्राकृतिक वातावरणमा आफ्नो महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सङ्घर्ष गर्नुपर्ने कुराको ठोस प्रमाण दिन्छ ।"

ओजोनले जङ्गली फूलको प्रचुरता र बाली उत्पादनमा नकारात्मक असर पार्ने सम्भावना रहेको निष्कर्षले देखाएको छ । आजोनले बोटको वृद्धिलाई नोक्सान पुर्याउने



अन्तर्राष्ट्रिय अनुसन्धानले पहिले नै स्थापित गरिसकेकाले ओजोनले खाद्य उत्पादनमा नकारात्मक प्रभाव पार्दछ ।वायुमण्डलीय वैज्ञानिक डा बेन ल्याङ्गफोर्डले भन्नुभयो, "हाम्रा ७५ प्रतिशत खाद्यान्न बाली र झन्डै ९० प्रतिशत जङ्गली फूल फुल्ने बिरुवाहरू केही हदसम्म, विशेषगरी कीराहरूद्वारा जनावरको परागणमा निर्भर हुन्छन् । तसर्थ, परागकणलाई कुन कुराले प्रतिकूल असर गर्छ भन्ने कुरा बुझ्न आवश्यक छ । उदाहरणका लागि हामीलाई खाद्यान्न, कपडा, जैव इन्धन र औषधिहरूको उत्पादनका लागि जवाफ दिने महत्वपूर्ण सेवाहरू सुरक्षित गर्न मद्दत गर्न आवश्यक छ ।"

शोधकर्ताहरूले ओजोनको उपस्थितिमा गन्धका प्लमहरूको आकार र आकार कसरी परिवर्तन भयो भनेर निगरानी गर्न सरे विश्वविद्यालयमा ३० मिटर पवन सुरुङ प्रयोग गरेका थिए । गन्ध प्लमको आकार घटाउनुका साथै अरूको तुलनामा धेरै छिटो प्रतिक्रिया गर्दा प्लमको गन्धमा ठूलो परिवर्तन आएको वैज्ञानिकहरूले पत्ता लगाएका छन् ।

मौरीहरूलाई एउटै गन्धको मिश्रण पहिचान गर्न तालिम दिइएको र त्यसपछि नयाँ ओजोन-परिमार्जित गन्धहरूको सम्पर्कमा ल्याइएको थियो । मौरीहरूले फूलहरू फेला पार्न फूलको गन्ध प्रयोग गर्छन् र तिनीहरूले प्रदान गर्ने अमृतको मात्रासँग रासायनिक यौगिकहरूको अद्वितीय मिश्रणलाई सम्बद्ध गर्न सिक्छन् । यसले तिनीहरूलाई भविष्यमा उही प्रजातिहरू पत्ता लगाउन अनुमति दिन्छ ।

पहिल्यै प्लमको केन्द्रतर्फ ५२ प्रतिशत मौरीले छ मिटरमा गन्ध पहिचान गर्ने गरेका थिए । यसअघि ३८ प्रतिशत मौरीले १२ मिटरबाट गन्ध पहिचान गर्ने गरेको अनुसन्धानले देखाएको छ । धेरै नष्ट हुने प्लमको किनारमा ३२ प्रतिशत मौरीले छ मिटर दूरीबाट फूललाई पहिचान गरेका थिए । यो भनेको १२ मिटर टाढाबाट गन्ध पहिचान गर्ने मौरीको दशौँ हिस्सा मात्र हो ।ओजोनले साथीलाई आकर्षित गर्ने जस्ता अन्य गन्ध नियन्त्रित व्यवहारमा पनि प्रभाव पार्न सक्ने अध्ययनले सङ्केत गरेको छ

उक्त शोधलाई युके रिसर्च एण्ड इनोभेसनको भाग, प्राकृतिक वातावरण अनुसन्धान परिषद्द्वारा लगानी गरिएको थियो र यसलाई पर्यावरण प्रदूषण पत्रिकामा प्रकाशित गरिएको थियो ।"वायु प्रदूषणले मानव स्वास्थ्य, जैविक विविधता र जलवायुमा हानिकारक प्रभाव पार्छ, तर अब हामी वायु प्रदूषणले मौरी र अन्य परागकण कीराहरूलाई उनीहरूको मुख्य काम गर्नबाट कसरी रोक्छ भनेर देख्न सक्छौं । हामीले वायु प्रदूषणमा कारबाही गर्न र भविष्यका लागि खाद्य उत्पादन र जैविक विविधताको रक्षामा मद्दत गर्न चेतावनीका रूपमा काम गर्नुपर्छ", प्रोफेसर क्रिस्चियन प्रफ्राडले निष्कर्ष निकाल्नुभयो ।"

# हिट चरणबाटै बाहिरिइन् डुवाना



काठमाण्डु । पेरिस ओलम्पिक २०२४ अन्तर्गत पौडीमा नेपालकी डुवाना लामा हिट चरणबाटै बाहिरिएकी छन् ।

महिला २०० मिटर फ्रि-स्टाइलमा प्रतिस्पर्धा गरेकी डुवानाले निर्धारित दूरी २ मिनेट २०.७४ सेकेण्डमा पूरा गरिन् ।हिट १ मा प्रतिस्पर्धा गरेकी उनी आफ्नो हिटमा सातौँ (अन्तिम स्थान) भइन् ।डुवानाले पहिलो पटक ओलम्पिकमा सहभागिता जनाएकी थिइन् ।डुवानाकी प्रशिक्षक नयना शाक्यले नतिजा ल्याउन नसके पनि खराब स्वास्थ्य अवस्थाका कारण राम्रो खेलेको प्रतिक्रिया दिएकी छन् ।

'डुवानाको तीन दिनअघि हिंड्दाहिंड्दै खुट्टामा समस्या आएपछि स्वास्थ्य परीक्षण गराउँदा एन्कलमा पुरानै समस्या बल्झिएको देखियो । खुट्टा सुन्निएको थियो,' शाक्य भन्छिन्, 'तीन दिनको उपचार र फिजियाथेरापीपछि खेल्न सक्ने अवस्था भएको हो । त्यसैले उसको समय सोचे अनुसारको आउन सकेन । यस्तो अवस्थामा पनि डुवानाले साहसिक प्रदर्शन गरेकी छन् ।'

# नेतालाई रिहा नगरे पुनः आन्दोलन सुरु गर्ने चेतावनी



एएफपी

ढाका । बङ्गलादेशको एक विद्यार्थी समूहले आफ्ना केही नेतालाई आइतबार हिरासतबाट रिहा नगरेसम्म प्रदर्शन पुनः सुरु गर्ने चेतावनी दिएको छ ।प्रहरी र अस्पतालबाट प्राप्त एएफपीको तथ्याङ्कअनुसार गत हप्ता भएको हिंसामा कम्तीमा २०५ जनाको मृत्यु भएको थियो । यो प्रधानमन्त्री शेख हसिनाको १५ वर्षे कार्यकालको सबैभन्दा ठूलो उथलपुथल हो ।

सेनाको गस्ती र राष्ट्रव्यापी निषेधाज्ञा (कर्फ्यू) आदेश लागु भएको एक हप्ताभन्दा बढी समय बितिसक्दा पनि जारी छ र प्रहरीले कम्तीमा आधा दर्जन विद्यार्थी नेताहरूसहित हजारौं प्रदर्शनकारीहरूलाई नियन्त्रणमा लिएको छ ।आन्दोलनको आयोजक 'स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन' का सदस्यले निजामती सेवा भर्ती नियमहरूको बिरूद्ध अभियान चलाएका थिए । यसअघि, उनीहरूले यो हप्ता सप्ताहव्यापी विरोध स्थगन वा अन्त्य गर्ने बताए पनि प्रदर्शनकारी विद्यार्थी नेताहरूको रिहाइ नभएको भन्दै आन्दोलन लम्बिनसक्ने चेतावनी दिएका छन् ।

"समूहका प्रमुख नाहिद इस्लाम र अन्यलाई रिहा गरिनुपर्छ र उनीहरूमाथि लगाइएको मुद्दा फिर्ता लिनुपर्छ," अब्दुल हन्नान मसुदले शनिबार एक अनलाइनलाई दिएको जानकारीमा बताउनुभयो ।मसुदले आफू अधिकारीहरूबाट लुकेर बसेको कारण आफ्नो स्थान नखुलाएको बताउँदै प्रदर्शनकारीको मृत्युका लागि जिम्मेवार सरकारी मन्त्री र प्रहरी अधिकारीविरुद्ध 'खुला कारबाही' गर्न पनि माग गरेका छन् ।

उहाँले अगाडि भन्नुभयो, "प्रशासनले अझै पनि विद्यार्थीको मागलाई वेवास्ता गर्दै अघि बढेमा विभेदविरुद्ध विद्याथी समूहले सोमबारदेखि कडा आन्दोलन गर्न बाध्य हुनेछन् ।इस्लाम र प्रदर्शनकारी समूहका अन्य दुई वरिष्ठ सदस्यलाई शुक्रबार राजधानी ढाकास्थित अस्पतालबाट जबर्जस्ती डिस्चार्ज गरिएको थियो र सादा पोसाकका जासुसहरूको एक समूहले उनीहरूलाई लगेको थियो ।

यसै साताको सुरुमा इस्लामले एएफपीलाई दिएको जानकारीअनुसार प्रहरीले हिरासतमा दिएको यातनाबाट लागेको चोटका कारण अस्पतालमा उपचार गराइरहेको र आफू आफ्नो ज्यानको खतरामा रहेको बताउनुभएको थियो । गृहमन्त्री असदुज्जमान खानले तीनै जनालाई आफ्नो सुरक्षाका लागि हिरासतमा लिइएको बताए पनि उनीहरूलाई औपचारिक रूपमा पक्राउ गरिएको हो वा होइन भन्ने पुष्टि गर्नुभएन ।

प्रहरीले आइतबार एएफपीलाई दिएको जानकारीअनुसार जासुसहरूले अन्य दुई जनालाई हिरासतमा लिएका छन् । 'स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन' अभियन्ताले एएफपीलाई आइतबार बिहान एक जनालाई नियन्त्रणमा लिइएको बताएका छन् ।बङ्गलादेशको सबैभन्दा ठूलो दैनिक पत्रिका प्रोथोम आलोका अनुसार आन्दोलन सुरु भएयता देशभर कम्तीमा नौ हजार व्यक्तिलाई पक्राउ गरिएको छ ।

# इजरायल नियन्त्रित गोलान हाइटमा रकेट आक्रमण हुँदा १२ जनाको मृत्यु

एएफपी

गजा । शनिबार एक विद्यालयमा इजरायली हमलामा ३० जनाको मृत्यु भएको २४ घण्टाभित्र लेबनानबाट प्रहार गरिएको रकेटले इजरायली कब्जामा रहेको गोलान हाइट्समा १२ युवाहरूको ज्यान गएको हो । "इजरायलले यो घातक आक्रमणको जवाफ दिनेछ र हेजबुल्लाहले यो हमलाका लागि अहिलेसम्म कहिल्यै नचुकाएको भारी मुल्य चुकाउनेछ," प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले आफ्नो कार्यालयबाट जारी विज्ञप्तिमा भन्नुभयो ।



हमासद्वारा सञ्चालित गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

हेज्बुल्लाहले लेबनानबाट मजदल शम्सको ड्रुज सहरको फुटबल मैदानमा रकेट प्रहार गरी १० देखि २० वर्षका युवाहरूको हत्या गरेको इजरायली सेनाले बताएको छ । आक्रमणमा अन्य १८ जना युवाहरू घाइते भएका आपतकालीन सेवाले जनाएको छ ।

नेतान्याहूले संयुक्त राज्य अमेरिकाबाट इजरायल फर्केपछि सुरक्षा मन्त्रीमण्डलको बैठक बस्ने बताउनुभएको छ । लेबनानका लागि विशेष संयोजक जेनिन हेनिस-प्लास्चर्ट र लेबनानमा संयुक्त राष्ट्रसङ्घीय अन्तरिम बल (युनिफिल) का प्रमुख एरोल्डो लाजारोले संयुक्त वक्तव्य जारी गर्दै यस समयमा अधिकतम संयमता अपनाउन आग्रह गरेका छन् । अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्ले यस 'भयानक आक्रमण'को निन्दा गरेको छ ।

"लेबनानी हेजबुल्लाहसहित सबै इरान समर्थित आतङ्कवादी समूहविरुद्ध इजरायलको सुरक्षाका लागि हाम्रो समर्थन अटल छ," एक प्रवक्ताले विज्ञप्तिमा उल्लेख गर्नुभएको छ । इजरायली कब्जामा रहेको गोलान हाइट्समा भएको घातक रकेट आक्रमणमा तेहरान समर्थित हेजबुल्लाहमाथि लगाइएको आरोपको विरोध गर्दै इरानले आइतबार लेबनानमा कुनै पनि नयाँ सैन्य आक्रमणले 'अप्रत्याशित परिणाम' निम्त्याउन सक्ने चेतावनी इजरायललाई दिएको छ ।

"इजरायलको कुनै पनि अज्ञानी कार्यले यस क्षेत्रमा अस्थिरता, असुरक्षा र युद्धको दायरा विस्तार गर्न सक्छ," विदेश मन्त्रालयका प्रवक्ता नासिर कनानीले भन्नुभयो । "इजरायल यस्तो मूर्खतापूर्ण व्यवहारको अप्रत्याशित परिणाम र प्रतिक्रियाका लागि जिम्मेवार हुनेछ," उहाँले भन्नुभयो । युरोपेली सङ्घको विदेश नीति प्रमुख जोसेप बोरेलले आक्रमणको निन्दा गर्दै स्वतन्त्र अनुसन्धानको आह्वान गर्नुभएको छ ।

# क्यालिफोर्नियामा इतिहासकै सातौँ ठूलो आगलागी



एएफपी

सिको । उत्तरी क्यालिफोर्नियाको आगलागी पश्चिमी अमेरिकी राज्यमा अहिलेसम्मकै ठूलोमध्ये एक भएको अधिकारीहरूले शनिबार बताएका छन् ।

'क्यालिफोर्निया पार्क फायर' शनिबार साँझसम्म तीन लाख ५० हजार हेक्टरभन्दा बढी भागमा फैलिएपछि यो क्यालिफोर्नियाको इतिहासमा रेकर्ड गरिएको सातौँ ठूलो आगलागी भएको राज्य एजेन्सी क्याल फायरले जनाएको छ ।

राज्यको राजधानी स्याक्रामेन्टोबाट करिब १४५ किलोमिटर उत्तरमा रहेको सिको सहर नजिकैको ठूलो ग्रामीण पहाडी क्षेत्रमा भएको आगलागीबाट ४ हजारभन्दा बढी मानिसहरू आफ्नो घर छाड्न बाध्य भएका छन् । "फैलिदै गएको आगोले अग्नि नियन्त्रकलाई चुनौती दिइरहेको छ", क्याल फायरले एक्सको एक पोस्टमा जानकारी गराएको छ । एजेन्सीका अनुसार एक दर्जनभन्दा बढी हेलिकप्टर र विमानका साथै तीन हजार ७०० भन्दा बढी कर्मचारीहरूको प्रयासका बावजुद पनि आगो १० प्रतिशत मात्र निभाउन सकिएको थियो ।

कम तापक्रम र उच्च आद्रताले आगलागीको गति कम भएतापनि अझै फैलिरहेको एजेन्सीले जनाएको छ । क्याल फायरको पछिल्लो अपडेटमा आगलागीका कारण २० वटा संरचनाहरू नष्ट भएको पुष्टि गरेको छ । जलिरहेको कारलाई सुक्खा झाडीमा धकेलेर आगो लगाएको शङ्कामा ४२ वर्षीया व्यक्तिलाई बिहीबार प्रहरीले हिरासतमा लिएको छ ।

# अष्ट्रेलियाली विवादित मन्त्रीको जिम्मेवारी हेरफेर

एएफपी

सिड्नी । अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीजले आइतबार अध्यागमन र राष्ट्रिय सुरक्षाका लागि जिम्मेवार दुई मन्त्रीलाई हटाउनुभएको छ ।

अस्ट्रेलियाको गृह मन्त्रालयले आक्रमण, अपहरण र हत्याको अभियोगमा दोषी ठहरिएका १०० भन्दा बढी अध्यागमन बन्दीलाई अदालतको आदेशपछि रिहा गर्न बाध्य भएको र यसका लागि विवादमा मुछिएका मन्त्रीलाई हटाउने दबाबमा परेको हो ।अल्बानीजले गृहमन्त्री क्लेयर ओ निल र अध्यागमनमन्त्री एन्ड्रयु जाइल्सलाई हटाएर उनीहरूलाई नयाँ जिम्मेवारीमा स्थानान्तरण गर्न लाग्नुभएको हो । प्रधानमन्त्री अल्वानिजले दुवै मन्त्रालयको जिम्मेवारीमा अनुभवी सरकारी समस्या समाधानकर्ता टोनी बर्कलाई अघि सार्नुभएको छ ।

रिहा गरिएका केही बन्दीहरूलाई थप अपराधको आरोप लागेपछि लेबर पार्टीको सरकार बदनाम भएको थियो । पुरानो नीतिअनुसार अस्ट्रेलियाले भिसा दिन अस्वीकार गरेका आप्रवासीहरूलाई कानुनी रूपमा अन्यत्र निर्वासित गर्न नसकेमा उनीहरूलाई अनिश्चितकालका लागि थुनामा राख्न सकिन्थ्यो ।कतै नजाने र रिहाइको कुनै आशा नभएकाले धेरै जना वर्षौंदेखि अस्ट्रेलियाली कारागार थुनिएका थिए ।

तर नोभेम्बरमा उच्च अदालतको एक फैसलाले यो 'गैरकानुनी' भएको ठहर गर्दै २० वर्ष पुरानो द्विदलीय नीतिलाई उल्ट्याएको थियो र करिब १५० जनालाई रिहा गर्न बाध्य बनाएको थियो ।रिहा भएकामध्ये ७० जनाभन्दा बढीलाई आक्रमण र अन्य हिंसात्मक अपराधमा दोषी ठहर भएपछि भिसा दिन अस्वीकार गरिएको थियो भने सात जनालाई हत्या वा हत्याप्रयासको अभियोगमा दोषी ठहर गरिएको थियो ।अस्ट्रेलियाले सन् १९९२ देखि बिना भिसाका नागरिकलाई अनिवार्य हिरासतमा राख्न सुरु गरेको थियो ।

ह्युमन राइट्स वाचको तथ्याङ्कअनुसार अस्ट्रेलियामा अध्यागमनसम्बन्धी विवादमा थुनामा परेका कैँदीलाई औसत ७०८ दिन हिरासतमा राखिएको छ र १२० भन्दा बढी व्यक्ति पाँच वर्षदेखि हिरासतमा छन् ।भियतनाम, कम्बोडिया र चीनबाट डुङ्गाबाट ठूलो स‌ङ्ख्यामा मानिसहरू आउने क्रम बढेपछि यसको प्रतिक्रियास्वरूप अस्ट्रेलियाले नयाँ कठोर सीमा नीति बनाएको थियो ।तर संयुक्त राष्ट्रसङ्घको शरणार्थी निकायले यो नीतिलाई 'स्वेच्छाचारी' र 'दण्डात्मक' भनेको छ भने शरणार्थी पक्षधर अधिकार समूहले यसको आलोचना गरेका थिए ।

# अमेरिकाले जापानमा सैन्य कमाण्ड संरचनाको स्तरोन्नती गर्ने

एएफपी

टोकियो । वासिङ्टन र टोकियोले सैन्य सहयोगलाई थप मजबुत बनाउँदै अमेरिकी कमाण्ड संरचनामा स्तरोन्नती गर्ने भएका छन् । अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले आइतबार यो योजनाको घोषणा गर्नुहुनेछ ।

अमेरिकाबाट करिब छ हजार ५०० किलोमिटर टाढा रहेको जापानमा हवाईस्थित इन्डो-प्यासिफिक कमान्डअन्तर्गत करिब ५४ हजार अमेरिकी सैनिकहरू छन् ।

आइतबार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँग टोकियोमा आफ्ना समकक्षीसँग 'टु प्लस टु' वार्तामा सामेल भई रक्षामन्त्री अस्टिनले थ्री स्टार कमान्डरको नेतृत्वमा नयाँ ज्वाइन्ट फोर्स हेडक्वार्टरको घोषणा गर्ने एक अमेरिकी सैन्य अधिकारीले बताएका छन् ।

यसले जापानको सबै सशस्त्र बलहरूको लागि योजनाबद्ध संयुक्त अपरेसन कमान्डको समकक्षको रूपमा काम गर्नेछ र ताइवान वा कोरियाली प्रायद्वीपमा सङ्कटको अवस्थामा दुई सेनालाई थप फुर्तीला बनाउनेछ ।चीनप्रतिको असहजता र उत्तर कोरियाप्रतिको चिन्ताका कारण जापानले हालैका वर्षहरूमा आफ्नो कडा शान्तिवादी अडान त्याग्दै, रक्षा खर्च



बढाउने र 'काउन्टरस्ट्राइक' क्षमता हासिल गर्न अग्रसर हुँदै आएको छ ।गत अप्रिलमा अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रधानमन्त्री फुमियो किशिदाले ह्वाइट हाउसमा भएको शिखर सम्मेलनमा सहकार्यमा 'नयाँ युग'को घोषणा गरेका थिए ।

यसै महिना ब्लिन्केन र अस्टिनले जापान र फिलिपिन्ससँगको अर्को 'टु प्लस टु' वार्ता गरी एक अर्काको क्षेत्रमा सेना तैनाथ गर्न अनुमति दिने एक रक्षा सम्झौतामा हस्ताक्षर गरेका थिए । गत अप्रिलमा वासिङ्टनमा जापान, फिलिपिन्स र संयुक्त राज्य अमेरिकाका नेताहरूबीच पहिलो त्रिपक्षीय शिखर सम्मेलन भएको थियो ।गत अगस्टमा क्याम्प डेभिडमा राष्ट्रपति जो बाइडेनसँग भेटी जापान र दक्षिण कोरियाले पनि दोस्रो विश्वयुद्धका समय भएको वैमनस्यतालाई त्याग्ने सहमति गरेका थिए ।

जापान-अमेरिका 'टु प्लस टु' बैठकअघि अस्टिन र जापानका रक्षामन्त्री मिनोरु किहाराले १५ वर्षपछि जापान भ्रमण गर्ने पहिलो दक्षिण कोरियाली रक्षामन्त्री शिन वोन सिकसँग त्रिपक्षीय वार्ता गरेका थिए ।उनीहरूले सूचना आदानप्रदान र त्रिपक्षीय अभ्यासलगायत सम्बन्धलाई अझ प्रगाढ बनाउन सहयोगसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरेका थिए ।

"जापान, संयुक्त राज्य अमेरिका र दक्षिण कोरियाबीच त्रिपक्षीय सहयोग अन्तर्राष्ट्रिय परिस्थितिमा भएका विभिन्न परिवर्तनका बाबजुद पनि बलियो र अटुट भएको छ," किहाराले बैठकपछि सञ्चारकर्मीसँग भन्नुभयो । जापान र अमेरिकाबीच भएको वार्तामा जापानको सुरक्षाका लागि आणविक हतियारलगायत आफ्नो सैन्य क्षमता प्रयोग गर्ने वासिङ्टनको 'विस्तारित प्रतिरोध' प्रतिबद्धतालाई बढाउने विषयमा पनि छलफल भएको थियो ।

चीनको सैन्य आधुनिकीकरण, उत्तर कोरियाको आणविक र क्षेप्यास्त्र कार्य र युक्रेन युद्धमा आणविक आक्रमणले जापानलाई अस्थिर बनाएको अमेरिकी (आरएएनडी) थिङ्क ट्याङ्कका राजनीतिशास्त्री नाओको आओकीले बताउनुभयो ।"संयुक्त राज्य अमेरिकाले जापानलाई आफ्नो प्रतिबद्धताको आश्वासन दिनु र सम्भावित प्रतिद्वन्द्वीहरूलाई यो गठबन्धन बलियो रहेको र जापानको रक्षाका लागि आवश्यक परेमा आणविक हतियार प्रयोग गर्न संयुक्त राज्य अमेरिका प्रतिबद्ध रहेको सङ्केत दिनु महत्त्वपूर्ण छ," उहाँले एएफपीसँग भन्नुभयो ।

# मेचीनगरमा आन्तरिक राजस्व सङ्कलन १३ करोड बढी

झापा । मेचीनगर नगरपालिकाले गत आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक राजस्व रु १३ करोड ५२ लाख पाँच हजार आठ सय ९७ सङ्कलन गरेको छ। आव २०७९/८० तुलनामा रु एक करोड ९० लाख ८४ हजार दुई सयबढी राजस्व सङ्कलन भएको हो।

नगरकी राजस्व परामर्श समितिका संयोजक एवं नगर उपप्रमुख मीना पोखेल उप्रेतीले आव २०७९/८० मा आन्तरिक राजस्व रु ११ करोड ६१ लाख २१ हजार छ सय ९७ सङ्कलन भएको जानकारी दिनुभयो। एक वर्षमा रु दुई करोडको हाराहारीमा आन्तरिक आयश्रोत वृद्धि हुनु आर्थिक दृष्टिले उत्साहजनक रहेको उहाँले बताउनुभयो।

नगरपालिकाको राजस्व उपशाखाले विभिन्न ५० शीर्षकमा करबापत राजस्व सङ्कलन गर्दै आएको छ। सम्पत्ति करतर्फ रु तीन करोड ४० लाख १९ हजार छ सय ४५ र अन्य सेवा शुल्कबापत रु दुई करोड ३१ लाख ९७ हजार तीन सय ८१ सङ्कलन भएको छ। व्यवसाय कर, नक्सा पास दस्तुर, सिफारिस दस्तुरलगायत शीर्षकमा कर सङ्कलन गरिने उहाँले जानकारी दिनुभयो।

मेचीनगरमा रहेका १५ वडामध्ये वडा नं ६ ले उक्त अवधिमा सबैभन्दा बढी रु एक करोड ७६ लाख २७ हजार सात सय एक राजस्व सङ्कलन गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीले जानकारी दिनुभयो। दोस्रोमा वडा नं १० रहेको बताउँदै यसले रु एक करोड ६३ लाख ९९ हजार पाँच सय ४५ राजस्व सङ्कलन गरेको उहाँले बताउनुभयो।

वडागत रुपमा सबैभन्दा बढी सम्पत्ति कर वडा नं १० ले रु ५९ लाख ७९ हजार ४३ सङ्कलन गरेको छ। नगरपालिकाले चालु आवमा रु १६ करोड ७७ लाख आन्तरिक आय सङ्कलन गर्ने लक्ष्य लिएको राजस्व उपशाखाका प्रमुख प्रेमप्रसाद पराजुलीले बताउनुभयो। चालु आवमा नगरको कूल बजेट रु दुई अर्ब पाँच करोड २९ लाख दुई हजार रहेको छ।रासस

# विश्वास जगाउने मौद्रिक नीतिः सिबिफिन

काठमाण्डु। बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन) ले नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८१/८२ का लागि ल्याएको मौद्रिक नीति सन्तुलित, समय सापेक्ष र बजारमा विश्वास जगाउने गरी आएको प्रतिक्रिया दिएको छ।चालु आर्थिक वर्षको मौद्रिक नीतिबारे आज प्रेस विज्ञप्तिमार्फत् आफ्नो धारणा सार्वजनिक गर्दै सिबिफिनले शिथिल अर्थतन्त्रमा अब क्रमिक सुधार हुँदै जाने विश्वाससमेत व्यक्त गरेको छ।

"मुलुकको आर्थिक एवं वित्तीय क्षेत्रहरुको अवस्था, निजी क्षेत्रको मनस्थिति एवं अपेक्षा र विश्व परिवेशको वस्तुनिष्ठ अध्ययन, मूल्याङ्कन, विश्लेषण गर्दै नेपाल राष्ट्र बैंकले आव २०८१/८२ को लागि जारी गरेको मौद्रिक नीति वर्तमान समयको मागबमोजिम सन्तुलित र समय सापेक्षरुपमा आएको छ", सिबिफिनले भनेको छ, "समग्र निजी क्षेत्रमा खस्केको मनोबल र गिरेको आत्मविश्वासलाई जागृत गराउँदै विगत केही वर्षयता शिथिल हुँदै आएका आर्थिक गतिविधि र अर्थतन्त्रलाई जीवन्त बनाउँदै आर्थिक एवं वित्तीय क्षेत्रको स्थायित्व र दिगो विकासका लागि मौद्रिक नीतिबाट हुन सक्ने र गर्न सकिने नीति अबलम्वन गरिनु र अपक्षाकृतरुपमा सहजीकरणको प्रयास गरिनुले आमरुपमा आशा, भरोसा र विश्वास जगाएको छ।"

बैंक तथा वित्तीय संस्थाको पुँजीकोषमा भएको दबाव सम्बोधन गर्न क्यापिटल एडुकेसी फ्रेमवोर्कमा पुनरावलोकन, असलकर्जाको नोक्सानी व्यवस्थामा कमी, रेगुलेटोरी रिजर्भमा रहेका केही रिजर्भलाई टायर टु क्यापिटलमा गणना गर्न सकिने प्रावधान र पुँजीकोषका उपकरणहरू तथा नयाँ उपकरण प्रयोगलाई प्रोत्साहन गर्नु मौद्रिक नीतिका सकारात्मक र सह्रानीय कदम रहेको धारणा सिबिफिनको छ।

त्यस्तै, नीतिगतदर घटाइनु, 'रेगुलेटरी रिटेल पोर्टफोलियो'को सीमा वृद्धि गरिनु, निर्माणव्यवसायीलाईविशेष प्राथमिकतासहितको राहत दिनु, संस्थागत शेयर धितो कर्जाको सीमा हटाइनु, कृषि र नवप्रवर्तन क्षेत्रमा जाने कर्जालाई सहज बनाउने नीति अवलम्बन गरिनुलगायत विषय सकारात्मक रहेको उसको भनाइ छ।चालू पुजी कर्जासम्बन्धी मार्गनिर्देशनमा 'भेरियन्स एनालिसिस' गरी कर्जा समायोजन गर्नुपर्ने व्यवस्थामा समयावधि थप गरिनु, लघु, घरेलु, साना एवं मझौला उद्यमका लागि तोकिएको सीमालाई पुनरावलोकन गर्ने व्यवस्था गरिनुले आर्थिक गतिविधिलाई चलायमान बनाउँदै सुषुप्त अवस्थामा रहेको अर्थतन्त्रलाई लयमा फर्काउन महत्वपूर्ण सहयोग पुग्नेमा परिसङ्घ आशावादी रहेको छ।

त्यसैगरी लघुवित्त संस्थालाई सुदृढीकरण गरिने, बचत तथा ऋण सहकारी संस्थाको नियमन तथा सुपरिवेक्षणका लागि छुै संयन्त्र निर्माणका लागि लिइने पहलले समग्र वित्तीय प्रणालीमाथिको विश्वासमा अभिवृद्धि गर्न र स्थायित्व कायम गर्नमा सकारात्मक भूमिका खेल्ने अपेक्षा परिसङ्घको छ।सम्पत्ति व्यवस्थापन ऐनका लागि लिइने पहल र वित्तीय संस्थामा बढ्दो डिजिटल प्रविधिको प्रयोगलाई मध्यनजर गर्दै वित्तीय क्षेत्रमा प्रयोग हुने कृत्रिम बौद्धिकता सम्बन्धमा आवश्यक अध्ययन गरी यसबाट सृजना हुनसक्ने जोखिमहरु पहिचान गर्ने गरी पहल गरिनु मौद्रिक नीतिका स्वागतयोग्य पक्षहरु रहेको विज्ञप्तिमा उल्लेख छ।

त्यसैगरी, राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रुपमा सञ्चालनमा ल्याउन आवश्यक पर्ने पूर्वाधार र संस्थागत संरचना तयार पार्ने व्यवस्थाले समेत अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने विश्वास परिसङ्घको छ।बैंक तथा वित्तीय क्षेत्रसहित समग्र निजी क्षेत्रमा उत्साह भर्दै शिथिल अवस्थामा रहेका आर्थिक गतिविधि र अर्थतन्त्रलाई चलायमान बनाउने गरी आएको मौद्रिक नीतिको व्यवहारिक एवं नतिजामूलक कार्यान्वयन हुने व्यावसायीक वातावरण र रोजगारीका अवसरहरु सृजना गर्दै यस अघि जारी पञ्चवर्षिय योजना र वित्तीय नीतिमा व्यवस्था गरिए बमोजिम रोजगारी र उच्च शिक्षाका लागि विदेशिएका नागरिकहरुलाई देश फर्काउने पहल नेपाल सरकारले पनि लिन जरुरी रहेको पनि उसको भनाइ छ।

"नेपाल राष्ट्र बैंकले लचिलो मौद्रिक नीतिलाई वित्तीय क्षेत्रको स्थायित्व र दिगो विकासमा अधिक सदुपयोग हुने गरी कार्यान्वयनमा लैजान अत्यावश्यक रहेको छ", परिसङ्घले भनेको छ, "गत आवको मौद्रिक नीतिले कर्जा विस्तारको लक्ष्य हासिल गर्न असमर्थ भएको परिप्रेक्षमा यस वर्षको मौद्रिक नीतिमा तोकिएको कर्जा विस्तारको लक्ष्य हासिल गर्नका लागि अधिक तरलता र पुँजी पर्याप्तताको चापमा पिरोलिएका बैंक तथा वित्तीय क्षेत्रलाई राहत पुग्ने, र समग्र वित्तीय क्षेत्रको स्थायित्व एवं दिगो विकासको लक्ष्य प्राप्ति हुने गरी आगामी दिनमा जारी हुने निर्देशन र मौद्रिक नीतिको समीक्षामार्फत थप सहज नीतिहरु अवलम्बन गर्न समेत आवश्यक देखिन्छ।"रासस

# १६ अर्ब ९३ करोडको विद्युत् निर्यात, नेपाल बन्यो खुद विद्युत् निर्याकर्ता

काठमाण्डु। आर्थिक वर्ष २०८०/८१ मा रु १६ अर्ब ९३ करोड बराबरको विद्युत् भारततर्फ निर्यात भएको छ। नेपाल विद्युत् प्राधिकरणले गत आवमा एक अर्ब ९४ करोड २६ लाख युनिट विद्युत् भारतर्फ निर्यात गरी रु १६ अर्ब ९३ करोड २६ लाख आम्दानी गरेको हो।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) को डे अहेड तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा र मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लि-एनभिभिएनलाई बिक्री गरिरहेको छ। एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ। निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट आठ रुपैयाँ ७२ पैसा छ।

प्राधिकरणले गत आवमा रु १६ अर्ब ८१ करोड तीन लाखको विद्युत् आयात गरेको जनाएको छ। सुक्खायाममा खोला तथा नदीहरुमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत्गृहबाट विद्युत् उत्पादन घट्ने हुँदा माग धान्न गत आवमा भारतबाट एक अर्ब ८३ करोड ३५ लाख युनिट विद्युत् आयात गरिएको हो। हिउँदयाममा आयात गरिएको विद्युत्को औसत दर प्रतियुनिट नौ रुपैयाँ १७ पैसा छ।

गत आवमा आयातभन्दा रु १२ करोड २३ लाखको बढी विद्युत् भारततर्फ निर्यात भएको छ। यसैगरी, ऊर्जाका आधारमा आयातभन्दा १० करोड ९१ लाख लाख युनिट बढी विद्युत् निर्यात भएको हो। निर्यात गरिएको परिमाण आयातभन्दा बढी भएकाले भारतीय प्रतिस्पर्धी बजारमा प्रवेश पाएको तीन वर्षमा नै नेपाल विद्युत्को खुद निर्यातकर्ता बनेको छ। आव २०७९/८० मा भारतबाट रु १९ अर्ब ४४ करोड ४० लाखको विद्युत् आयात भएको थियो भने रु १० अर्ब ४५ करोड ५० लाखको निर्यात गरिएको थियो।



प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आगामी केही वर्ष अझै हिउँदका केही महिनाको आन्तरिक माग व्यवस्थापन गर्न विद्युत् आयात गर्नु परे पनि निर्यातको परिमाण बढ्दै जाने बताउनुभयो। "छ/सात वर्षअघिसम्मविद्युत्आयातकर्ताको मात्र अवस्था थियो, तीन वर्षअघिबाट भारतीय प्रतिस्पर्धी बजारमा विद्युत् निर्यात सुरु गरे पनि निर्यातभन्दा आयात बढी भई खुद आयातकर्ता बन्ने अवस्था थियो", उहाँले भननुभयो, "गत आवबाट खुद आयातकर्ताबाट निर्यातकर्ता बन्ने अवस्था बनेको छ, थोरै परिमाणमा खुद निर्यातकर्ता भए पनि यो महत्वपूर्ण उपलब्धि हो, ऊर्जा क्षेत्रका लागि एउटा कोसेढुङ्गा हो।"

विद्युत्को पर्याप्त उपलब्ध हुँदा देशभित्र विद्युतीय सवारी साधन र इन्डक्सन चुलोको प्रयोगले पेट्रोलियम पदार्थको आयातमा गिरावट आएको कार्यकारी निर्देशक घिसिङले बताउनुभयो। "विद्युत् निर्यात परिमाण बढ्दा नेपाल र भारतबीचको व्यापार घाटा कम गर्न योगदान पुगेको छ, यसबाट देशको विदेशी मुद्रा सञ्चितिमा पनि सकारात्मक प्रभाव परेको छ", उहाँले भन्नुभयो।

नेपालले भारतको इनर्जी एक्सेचेन्जको डे अहेड मार्केटमा सन् २०२१ मे १ मा प्रवेश पाएको थियो। सुरुमा विद्युत् आयात अनुमति पाएको नेपालले सन् २०२१ नोभेम्बर ३ मा निर्यातकर्ताका रुपमा पनि प्रवेश पाएको थियो।हाल नेपालले मिडियम टर्म, डे अहेड र रियल टाइम मार्केटमा दैनिक करिब सात सय मेगावाट विद्युत् भारतमा बिक्री गरिरहेको छ। प्राधिकरणले १६ वटा आयोजनाबाट उत्पादित छ सय ९० मेगावाट विद्युत् निर्यात अनुमति पाएको हो।

कार्यकारी निर्देशक घिसिङले मध्यकालीन सम्झौताअनुसार थप चार सय मेगावाट विद्युत् निर्यात अनुमति पाउने चरणमा रहेको उल्लेख गर्नुभयो। रासस

# स्वाप कारोबार विनियमावली जारी

काठमाण्डु। नेपाल राष्ट्र बैंकले स्वाप कारोबार विनियमावली, २०८१ जारी गरेको छ। बैंक तथा वित्तीय संस्थाले विदेशबाट भित्र्याएको विदेशी मुद्राको ऋणमा रहने विदेशी विनिमय जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी राष्ट्र बैंकको सञ्चालक समितिले उक्त विनियमावली स्वीकृत गरेको हो।

विनियमावलीमा इजाजतपत्र प्राप्त वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी तथा लघुवित्त र पूर्वाधार विकास बैंक काउण्टरपार्टी बन्न योग्य हुने छन्।

स्वाप कारोबार रकम र बोलकबोल हुने मितिसम्बन्धी व्यवस्था पनि विनियमावलीमा राखिएको छ। तोकिएको स्वाप कारोबारको रकम बमोजिमको कूल कारोबार रकमभन्दा बढी नहुने गरी प्रति काउण्टरपार्टी स्वाप कारोबारको न्यूनतम रकम अमेरिकी डलर दश लाख र बढीमा अमेरिकी डलर दश लाखले भाग गर्दा निःशेष भाग



भएको व्यवस्थाअनुसार विदेशी विनिमय जोखिम व्यवस्थापन गर्ने उद्देश्यले राष्ट्र बैंक र काउण्टरपार्टीबीच 'खरिद-विक्री अमेरिकी डलर/नेपाली रुपैयाँ स्वाप' कारोबार गर्न सकिनेछ। यस्तो स्वाप कारोबारको पहिलो चरणमा राष्ट्र बैंकले काउण्टर पार्टीसँग तोकिएको स्पट दरमा अमेरिकी डलर खरिद गरी नेपाली रुपैयाँ विक्री गर्नेछ।

स्वाप कारोबारको दोस्रो चरणमा पहिलो चरणको कारोबार रकम बराबरको अमेरिकी डलर तोकिएको फरवार्ड मिति र तोकिएको फरवार्ड दरमा राष्ट्र बैंकले काउण्टर पार्टीलाई विक्री गरी नेपाली रुपैयाँ खरिद गर्नेछ।स्वाप कारोबारका लागि विदेशबाट भारतीय रुपैयाँ बाहेकको विदेशी मुद्रामा ऋण भित्र्याउने जाने गरी काउण्टरपार्टीले विदेशबाट भित्र्याएको भारतीय रुपैयाँ बाहेकको विदेशी मुद्रा ऋणको वक्यौता साँवा रकमसम्म हुने गरी काउण्टर पार्टीले बोलकबोल पेस गर्नुपर्नेछ।

विनियमावलीले राष्ट्र बैंकमा विदेशी विनिमय व्यवस्थापन विभाग हेर्ने डेपुटी गभर्नरलाई स्वाप कारोबार समितिको अध्यक्ष रहने व्यवस्था राखेको छ। उक्त समितिमा राष्ट्र बैंकअन्तर्गतको विदेशी विनिमय व्यवस्थापन विभाग, मौद्रिक व्यवस्थापन विभाग, आर्थिक अनुसन्धान विभाग, बैंकिङ्ग विभाग र वित्त व्यवस्थापन विभागको कार्यकारी निर्देशक सदस्य रहनेछन् भने विदेशी विनिमय व्यवस्थापन विभागको लगानी हेर्ने निर्देशक सदस्य-सचिव रहनेछन्।रासस

# मौद्रिक नीतिको प्रभाव पुँजीबजारमा, नेप्से परिसूचक एक सय १३ अक्तले बढ्यो

काठमाण्डु। चालु आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल राष्ट्र बैङ्कले ल्याएको मौद्रिक नीतिका व्यवस्थाले पुँजीबजारमा सकारात्मक प्रभाव देखिएको छ। आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक एक सय १३ दशमलव ४२ अङ्क अर्थात् चार दशमलव ४१ प्रतिशतले बढेर दुई हजार छ सय ८१ दशमलव ५६ को विन्दुमा कायम भएको छ।

आइतबार तीन सय १८ कम्पनीको चार करोड तीन लाख १४ हजार पाँच सय एक सय ७६ कित्ता शेयर एक लाख ६३ हजार आठ सय १० पटक खरिदबिक्री हुँदा रु १५ अर्ब ८१ करोड पाँच लाख ९६ हजार दुई सय ३५ बराबरको कारोबार भएको छ।आइतबारको कारोबारमा लघुवित्त समूह शून्य दशमलव १८ प्रतिशतले घटेको छभने अरू सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै बैङ्किङ समूह नौ दशमलव ८९ प्रतिशतले बढेको छ। त्यस्तै, लगानी समूह पाँच दशमलव ७५ र विकास बैङ्क समूह चार दशमलव ८७ प्रतिशतले बढेको छ।

आइतबार एक दर्जन कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सकारात्मक सर्किट लाग्नेमा अधिकांश वाणिज्य बैङ्क छन्। नेपाल इन्भेस्टमेन्ट मेघा बैङ्क, नेपाल एसबिआई बैङ्क लिमिटेड, सानिमा बैङ्क लिमिटेड, एनएमबी बैङ्क लिमिटेड, प्रभु बैङ्क लिमिटेड, ग्लोबल आइएमई बैङ्क लिमिटेड, सिटिजन्स बैङ्क इन्टरनेसनल बैङ्क लिमिटेड, प्राइम कमर्सियल बैङ्क लिमिटेड, कृषि विकास बैङ्क लिमिटेड, एभरेस्ट बैङ्क लिमिटेड र नेपाल बैङ्क लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

उपकार लघुवित्त वित्तीय संस्था, हाथवे इन्भेस्टमेन्ट नेपाल लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आइतबार सबैभन्दा धेरै कुमारी बैङ्क लिमिटेडको रु ३६ करोड १० लाख बराबरको १७ लाख छ हजार पाँच सय ८२ कित्ता शेयर किनबेच भएको छ।

आइतबार नेप्से परिसूचकमा दुईपटक सकारात्मक सर्किट लागेको छ। आइतबारको कारोबार सुरु भएको एक मिनेट ३१ सेकेन्डमा नेप्से परिसूचक चार प्रतिशतले बढेसँगै कारोबार २० मिनेटका लागि बन्द भएको थियो। त्यस्तै, दोस्रोपटक कारोबार सुरु भएको एक मिनेटभित्रै परिसूचक एक प्रतिशत विन्दुले बढेर पाँच प्रतिशत पुगेपछि ४० मिनेटका लागि कारोबार स्थगित गरिएको हो।रासस


## शहिदनगर नगरपालिका
### यदुकूहा, धनुषा
### मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।१४**

यस नगरपालिकाको लागि आ.व. ०८१।८२ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८०/०८१ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८०/०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम


# तीन ग्यालरीमा कला प्रदर्शनी जारी

काठमाण्डु। काठमाडौँका विभिन्न आर्ट ग्यालरीमा चित्रकला प्रदर्शनी भइरहेका छन्। बबरमहलस्थितनेपालकलापरिषद्मा कलाकार प्रियम प्रधान र उहाँको समूह मिलेर बनाएका सिर्जना प्रदर्शन गरिएका हुन्।

उहाँको कला प्रर्दशनीको शीर्षक 'रास लिला : द डिभाइन डान्स' राखिएको छ। शीर्षकअनुसार कलामार्फत महाभारतमा समकालीन कथाहरु प्रस्तुत गरिएका छन्। मूर्तिकला, प्रतिस्थापन कला, चित्रकला, कपडाहरु, सङ्गीत र लघु चलचित्रका माध्यम अपनाएर महाभारतको प्राचीन दर्शन बुझाउन खोजिएको कलाकार प्रधान बताउनुहुन्छ। उहाँका अनुसार प्रदर्शनीको मुख्य उद्देश्य वैदिक दर्शनका कथा र ग्रन्थ प्रयोग गरी युवा वर्गमा यसको महत्व जगाउनु हो।

बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमाकाठमाडौँविश्वविद्यालयका विद्यार्थीले सिर्जना गरेका प्रिन्ट मेकिङ कला प्रदर्शन गरिएका छन्। जसको शीर्षक नै राखिएको छ, 'इम्प्रिन्टस'। ललितपुर स्थित एक्युब ग्यालरीमा भने आइतबारदेखि अमेरिकी कलाकार फिल रोविन्सनको एकल चित्रकला प्रदर्शन सुरु भएको छ। 'नेपाल कहाँ छ ?' शीर्षकमा उहाँले कोरेका चित्रकलामा कलाको सौन्दर्य वर्णन गर्नुका साथै अवस्था चित्रण गरिएको छ।

कलाकारले नेपाल घुमेर महसुस गरेका दृश्यलाई क्यानभासमा उतार्नुभएको हो। ग्यालरीका प्रमुख मनिषलाल श्रेष्ठका अनुसार विदेशी कलाकारको नजरमा नेपाल कला नै कलाले भरिएको देश मानिन्छ। त्यसैले चित्रमार्फत नेपाल सुन्दरता र कला कहाँ कति छ नियाल्ने काम अमेरिकी कलाकार रोविन्सनले गर्नुभएको उहाँले बताउनुभयो।रासस


## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

## दा.खा.सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साविक गाविस अकोलवा वडा न. १ हाल गौर नगरपालिका वडा न. ६ मा बस्ने शेख लियाकतको छोरा शेख रहकत करिमको पत्नीले रुकसाना खातुनले आफनो पति नाता पर्ने शेख रहमत करिमको नाउँमा तपसिल बमोजिमको जग्गा रौतहट जिल्ला अदालत गौरको मिति २०७५।११।२२ को फैसला मिति २०७८।०९।१२ को बण्डा बमोजिम दा.खा.माग गरेकोमा मोठ भिडान हुदा मोठ कायम रही रोक्का नदेखिएको साथै तपसिलमा उल्लेखित जग्गामा दा.खा.मि.न.२२० मिति ०७४।०९।०९ दा.खा.मि.न.३६४ मिति २०७६।०१।२९ दा.खा.मि.न.५६५ मिति २०७६।०१।२९ दा.खा.मि.न.१८९ मिति २०७४।०८।०४ दा.खा.मि.न.२०९ मिति २०७८।१०।०७ र राजिनामा मिति २०७४।०३।३० र राजी मिति ०७४।०९।२७ भएको भनी उल्लेख लेखिआएकोमा यस कार्यालयको मिति २०८१।०४।०४ गते आदेशानुसार हकदाबीको लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अनसियार भए,असर पर्ने भए वा दा.खा.हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन बमोजिम दा.खा.भै जाने छ।

**तपसिल**

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | पिप्राभगवानपुर | ६ | ११७६ | ०-०-१०-१२ | सेख रहमत करिम गौर न.पा. १ बाबु-सेख लेयाकत बाजे-सेख उमर |
| रौतहट | पिप्राभगवानपुर | ६ | ११७८ | ०-१-० | |
| रौतहट | पिप्राभगवानपुर | ६ | ११८० | ०-१-१३-४ | |
| रौतहट | पिप्राभगवानपुर | ६ | ११८२ | ०-०-१३-५ | |
| रौतहट | पिप्राभगवानपुर | ६ | ७७६/१२३२ | ०-०-३ | |
| रौतहट | पिप्राभगवानपुर | ६ | ११७४/१२५४ | ०-०-१-१२ | |
| रौतहट | पिप्राभगवानपुर | ६ | ९२३/१२५६ | ०-०-१-१२ | |

# दुर्घटनाको नैतिक जिम्मेवारी सरकारले लिनुपर्छ



**टुडे समाचारदाता**

काठमाण्डु । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं सांसद प्रभु साहले सौर्य एयरलाइन्सको जहाज दुर्घटना तथा बस दुर्घटनाको नैतिक जिम्मेवारी सरकारले लिनुपर्ने बताएका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीसँग प्रश्न गर्दै उनले दुर्घटनाको नैतिक जिम्मेवारी लिएर आफ्नो नैतिकता प्रदर्शन गर्नुपर्ने सुझाव समेत दिए ।

प्रतिनिधिसभाको आइतबार बसेको बैठकमा शून्य समयमा बोल्दै पूर्वमन्त्री समेत रहेका आजपाका अध्यक्ष साहले दुर्घटनाको नैतिक जिम्मेवारी लिँदै मन्त्रीले राजीनामा दिनुपर्ने दाबी गरे । यस्तो दुर्घटना हुँदा एउटा छानबिन समिति बनाउने र निरीह कर्मचारीलाई कारबाही गरेर मात्रै नहुने बताउँदै उनले प्राधिकरणलाई अस्तव्यस्त बनाउने मन्त्रीले किन राजीनामा दिनुहुँदैन भन्ने प्रश्नको जवाफ समेत उनले माग पनि गरे ।

यही साउन ९ गते काठमाण्डुमा भएको सौर्य एयरलाइन्सको जहाज दुर्घटनाका साथै दुई साता अघि सिमलतालमा भएको दुर्घटनाको नैतिक जिम्मेवारी सम्बन्धी मन्त्रीले लिनुपर्ने र उनीहरुले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने उनले सुझाव दिए ।

उनले सरकार वास्तवमा जनउत्तरदायी हो भने जहाज दुर्घटनाको नैतिक जिम्मेवारी लिनुपर्ने बताउँदै पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले जहाज दुर्घटनालगत्तै सरकारले उद्धार तथा राहतको लागि तदारुकता देखाएकोमा धन्यवाद ज्ञापन गरे । साथै बस दुर्घटनामा सरकार जिम्मेवार तरिकाले नलागेकोमा उनले आपत्ति समेत व्यक्त गरे ।

सीमतालमा भएको बस दुर्घटनाको घट्नाको विषयमा पीडित परिवारलाई राज्यले बेवास्ता गरेको उनले आरोप लगाए ।

# मधुश्रावणी विशेष कार्यक्रममा नवविवाहितालाई सम्मान

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलाको संस्कार र संस्कृतिलाई जीवन्त राख्ने उद्देश्यले सखी बहिनपा समूह जनकपुरधामले यहाँ मधुश्रावणी विशेष कार्यक्रमको आयोजना गरी ६ दर्जनभन्दा बढी नवविवाहितालाई सम्मान गरेको छ ।

नवविवाहिता जोडीबीच रतिरागदेखि भावनात्मकरुपमा एकाकार गराउनु मधुश्रावणी पर्वको मुख्य पक्ष हुन्छ । साउन महिना वर्षातको महिना हो । यतिबेला जताततै हरियाली हुन्छ । वनमा मयुर पनि यसै मौसममा प्रणय सम्बन्धमा लीन हुन्छन् ।वर्षायाम प्रगाढ प्रणय सम्बन्धलाई अपिल गर्ने मौसम मानिन्छ । यही भावभूमिमा मधुश्रावणी पर्व नवविवाहिताका लागि विशेष हुने गरेको छ ।

पर्वमा एकदिन महादेव गौरीसँग सरोवरमा जलक्रीडा गर्दा आफ्नो स्खलित भएको वीर्य पुरैन कमलको पातमा राखेको त्यही वीर्यबाट पाँच नागकन्या बिसहराको जन्म भएको कथा प्रचलित छ । तलाउमा जलक्रीडाका बेला जन्मेका यी छोरीसँग शिवजीको प्रेम हुनु स्वाभाविक थियो ।

महादेवको नित्य छोरी भेटन जाने र घण्टौं छोरीहरुसँग खेल्ने गरेका वृतान्त थाहा नपाएकी गौरीलाई पतिप्रति शंका बढेपछि पिछा गरेको कथा छ । एकदिन छोरीहरुसँग खेलिरहेका पतिलाई देखेर क्रोधित भएकी गौरीलाई शिवले सबै कुरा बताएपछि क्रोध शान्त भएको प्रसंग छ ।

पार्वतीलाई खुशी तुल्याएपछि शिवले साउन महिनामा यी नागिनको पूजा



गर्नेलाई सर्पको भय नहुने वरदान दिएबाट मधुश्रावणी पर्वमा विषहराको पूजा विधान शुरु भएको लौकिक जनविश्वास छ । देवी गौरीले दाम्पत्य जीवन सुखद बनाउने र सबै मनोकामना पूरा गर्ने मानिएकीले उनको पूजा अर्चना नवविवाहिताले यसे अभीष्टका लागि यो पर्व शुरु गरिएको मिथिला लोकसंस्कृतिमा मान्यता रहेको छ ।

यस पर्वको सबैभन्दा आकर्षक प्रारम्भिक तथा कलात्मक पक्ष लोकगीतको लयसँगै अरिपन लेख्नु , रोचक लोककथा सुन्नु , सुनाउनु र फूललोढव अर्थात फूल संकलन गर्नु रहेको छ । मधुश्रावणी पर्व विवाह भएको पहिलो वर्ष मनाइने हुँदा प्रायः विवाहको समयमा प्रयोग गरिएको कोबर घरलाई प्रयोगमा ल्याइन्छ । कोबर घरका भित्तामा लेखिएको कोबर नैनाजोगिन गौरी पूजाको माटोको हात्ती , कलश, पुरहैर पातिल आदि सरसामान विवाहको एक वर्षसम्म संरक्षित राखिएको हुन्छ । त्यसलाई मधुश्रावणी पर्वको समयमा प्रयोगमा ल्याइन्छ । मधुश्रावणीपश्चात यस्ता पूजन सामग्रीको विर्सजन गरिन्छ । मिथिलामा कोबर एक चित्रकला मात्रै होइन यसभित्र मानवीय जीवनको गहिरो जरो गाडिएको हुन्छ । जसले आफूमा मानव जीवनका सम्पूर्ण सृष्टि दिने गरेको छ ।

बरवधुको शयनकक्ष कोबर घरमा भगवतीलाई मनपर्ने र नारीशक्ति सौन्दर्य तथा कोमलताको प्रतीक मानिने हुँदा कमललाई कोबरमा निकै महत्व दिइन्छ। कमल र पोखरीले सम्पूर्ण मिथिला सुशोभित छ। धनकी देवी लक्ष्मीको प्रतीक तथा भगवान विष्णुका लागि पनि कमल प्रिय फूल हो । कोहबरमा प्रतीकात्मक अर्थ लाग्ने चित्रहरु लेखिन्छ । कलामा प्रतीकात्मकता र सौन्दर्यलाई प्राथमिकता दिइन्छ ।बाँस पुरुष र वंशवृद्धिको द्योतक मानिन्छ ।कमल र बाँसले महिला र पुरुषको सम्बन्ध प्रस्तुत गर्दछ ।

यो पर्व मैथिल समाज अनुसार प्रक्रियागत विभिन्न विधान अनुसार सम्पन्न हुन्छ जसलाई जीवन्त परम्पराको धरोहरका रुपमा लिइने गरिएको छ ।

मिथिलाञ्चलको विशेष पर्वका रुपमा मुख्यतः १३ र १४( तिथि अनुसार ) दिनसम्म यो पर्व मनाइन्छ ।

यही विशेषता उजागर र संस्कृतिको रक्षाका उद्देश्यले सखी बहिनपा समूह जनकपुरधामद्वारा जानकी मन्दिर परिसरमा नवविवाहितालाई सौभाग्यको आशीषसँगै सम्मान गरेको थियो ।

सुनिता मिश्रको अध्यक्षता पुनम मिश्रको सञ्चालन, भारती चौधरीको व्यवस्थापकीय सयोजन , बिन्दु ठाकुरको व्यवस्थापकीय संयोजनमा क्रियाशीलतासँगै सांगीतिक माहोल सिर्जना , संगीता देवको गीतनाद , नीलम झाको बिन्नी , इन्दिरा झाद्वारा सहयोग एवं नवविवाहितालाई सम्मान , आरती चौधरी , अस्मिता झा , किरण झा , रुवी पाठक , चञ्चला झा , कल्पना झा ,बन्दना झा , सीमा चौधरी , रुपम झा ,विभा ठाकुर , नीतु झा , भारती झा , नीरा ठाकुर , मीना ठाकुर , निर्मला झा र चञ्चला झालगायत सम्पूर्ण सखी बहिनपा परिवारको सक्रियता, सहयोग , व्यवस्थापन र मधुश्रावणी गीतले गुञ्जमान एवं सौभाग्यको कामनाका साथ ७५ नवविवाहितालाई मैथिल परम्परा अनुसार सम्मान गरिएको थियो ।

# आर्थिक संकटको मारमा गायक गुरुदेव

**टुडे समाचारदाता**

जनकपुरधाम । उपचारका लागि आर्थिक संकट परी शास्त्रीय संगीतका साधक गुरुदेव कामत आफ्नै जन्मथलोमा फर्किएका छन् ।



उनी नेपाली संगीतको क्षेत्रमा गायक, संगीतकार तथा संगीत गुरुका रूपमा परिचित छन् । शास्त्रीय संगीत साधकका रूपमा लामो समय साधना गरेका गायक गुरुदेव कामत केही समययता अस्वस्थ छन् ।

शास्त्रीय संगीतमा निकै श्रद्धाका साथ लिइने नाम गुरुदेव कामतको दुवै मिर्गौलामा समस्या देखिएको गत चैतमा पत्ता लागेको थियो । उपचारका लागि आर्थिक संकटको सामना गर्नु परेपछि उनी स-परिवार आफ्नो जन्मथलो सिरहाको पोखरभिन्डा फर्किएका छन् ।

शास्त्रीय गायक कामतको दुवै मिर्गौलाले काम गर्न छाडेपछि डायलाइसिस गरिरहेका छन् । आर्थिक अभावकै कारण जन्मथलो फर्किएका कामतको उपचारमा सहयोगका लागि समेत पहल भएको थियो । तर सो पहल भने सफल नभएको देखिएको छ ।

शास्त्रीय गायक कामत नेपाल-भारत क्षेत्रमा प्रख्यात छन् । गुरुदेव कामत स्वभावले आत्मस्वाभिमानी भएकाले पनि सहयोगका लागि आग्रह नगरेर आफ्नो जन्मथलो फर्किएको हुनसक्ने स्थानीयको भनाइ छ ।

गुरुदेवजस्तो संगीत साधकलाई उपचारमा सघाउन संगीतकारहरुले आग्रह गरेका छन् ।

बेलाबखतमा संगीतकर्मीलाई पर्ने अप्ठ्यारोका विषयमा दीर्घकालीन समाधानको उपाय खोज्नुपर्ने दुःखद रहेको छ ।

# खाल्डोमा डुबेर बालकको मृत्यु

**टुडे समाचारदाता**

बर्दिबास । रातुखोला किनारमा क्रसर उद्योगले बनाएको खाल्डोमा डुबेर एक बालकको मृत्यु भएको छ ।

महोत्तरीको बर्दिवास-६ स्थित रातुखोला किनारमा क्रसरले खनेको खाल्डोमा जमेको पानीमा डुबेर अन्दाजी १३ वर्षका बालक



रिदम विश्वकर्माको मृत्यु भएको इलाका प्रहरी कार्यालय बर्दिवासका डीएसपी रेवतीरमण पोखरेलले जानकारी दिए ।

पौडी खेल्न भनी घरबाट निस्किएका बालक घर नफर्किएपछि खोजी गर्ने क्रममा स्थानीयले आइतबार दिउँसो १ बजे मृत अवस्थामा उनको शव फेला पारेका छन् ।

उत्खननको मापदण्डविपरीत क्रसर उद्योगले २० फिटमाथिका सयौं खाल्डा बनाएको उक्त क्षेत्रमा वर्षाको पानी जमेसँगै बालबालिका पौडी खेल्न जाने गरेकाले यस्तो घटना भएको स्थानीयको भनाइ छ ।

बर्दिवास-६ का वडाध्यक्ष पदमबहादुर आलेले मृत बालक पौडी खेल्न गएका बालकको खाल्डोमा डुबेर मृत्यु हुनु दुःखद भएको आलेले बताए ।

यसअघि पनि बर्दिवास-१४ का १६ वर्षीय रोशन मिश्रको क्रसरले बनाएको खाल्डोमै डुबेर मृत्यु भएको थियो ।

# मानव झैँ कुकुरको पनि मृत्यु संस्कार !

**टुडे समाचारदाता**

राजविराज । सुन्दा पनि अचम्म लाग्ने मृत्यु संस्कार राजविराजमा गरिएको छ ।



एक स्थानीय तहका मेयरले आफ्नो कुकुर मर्दा काजकिरीया गरेर सबैलाई अचम्मित पारेका छन् ।

सप्तरीको कंचनरुप नगरपालिकाका मेयर ललन प्रसाद गुप्ताले आफ्नो घरमा पालेको कुकुर मरेपछि उनले मानिस मर्दा जस्तै गरिने विधि र हिन्दु रितीरिवाज अनुसार अन्त्येष्टी गरेर कुकुरप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

गुप्ता परिवारले सात वर्ष देखि घरमा सन्तान झैं पालन पोषण गरी हुर्काएको स्विटी (डाँगो) र क्विटी (छाउडी) मध्ये क्विटी अकस्मात शनिबार विरामी परे । मेयर गुप्ताले करिब १५ हजार रुपैयाँ खर्चेर कुकुरको स्थानीय पशु स्वास्थ्य उपचार केन्द्रमा उपचार पनि गराए । तर उपचारकै क्रममा आइतबार उसको मृत्यु भयो ।

कुकुर मरेपछि आइतबार नै मेयर गुप्ताले कोशी किनारमा लगेर हिन्दु रितीरिवाज अनुसार कुकुरको शवको अन्त्येष्टी गरेका छन् । आफ्नो श्रीमति, छोरा र छोरी जस्तै माया गर्ने कुकुर मरेपछि शोकमा ३ दिन घरमा खाना पनि नपाक्ने उनले बताए । घरका सदस्य जस्तै नजिक ठान्ने कुकुर मरेपछि घरका सबै सदस्य दुःखित भए पनि एक जनावरको मानव झैं मृत्यु संस्कार गर्न पाउँदा भने आत्मसन्तुष्टि मिलेको र जनावारलाई पनि सबैले मानव झैं माया र व्यवहार गर्नु पर्छ भन्ने संदेश समेत दिन चाहेको गुप्ता परिवारको भनाइ छ ।

# ब्राउन सुगरसहित तीन पक्राउ



**टुडे समाचारदाता**

लहान । सिरहाबाट लागूऔषध ब्राउन सुगर र गाँजासहित तीनजनालाई प्रहरीले पक्राउ गरेका छन् ।

सिरहा प्रहरीले आइतबार दिउँसो धनगढीमाई नगरपालिका-८ स्थित कसहाबाट तीन युवकलाई पक्राउ गरेको जनाएको छ । पक्राउ पर्नेमा धनगढीमाई नगरपालिका-७ का २२ वर्षीय अंकेश महतो, वडा नं. ८ का २४ वर्षीय लालु राय आमात, वडा नं. ९ का २१ वर्षीय पवन साह सुनवार रहेको जनाइएको छ ।

उनीहरू बस्दै आएको कोठाबाट ४.९० मिलिग्राम ब्राउन सुगर र २० ग्राम गाँजा बरामद भएको थियो । त्यस्तै उनीहरूले प्रयोग गर्ने गरेको एक थान मोटरसाइकल र तीन थान मोबाइल पनि नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

सिरहा प्रहरीका प्रहरी निरीक्षक दीपक कुमार सिंहका अनुसार उनीहरू कोठामा लागूऔषध राखेर बिक्री वितरण गर्दै आएको सूचना प्राप्त भएको थियो ।

# कुलतमा फस्दै युवा

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा अधिकांश युवाहरु कुलतमा फस्दै गएका छन् ।

अधिकांश युवाहरु लागूपदार्थको कारोबार र दुर्व्यसनमा फस्ने गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।



सीमानाकासंग जोडिएको र खुला नाकाका कारण लागूपदार्थ कारोबार र दुर्व्यसनमा युवापुस्ताको संलग्नता बढी पाइएको प्रहरी अनुसन्धानबाट देखिएको छ ।

गत आर्थिक वर्ष ०८०/०८१ मा लागुपदार्थ दुर्व्यसन र ओसारपसारमा संलग्न भएको आरोपमा पक्राउ परेका ७१ मध्ये अधिकांश २० देखि ३० वर्ष उमेर समूहका छन् । कूलमध्ये दुईजना महिला रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । गत वर्ष सोही प्रकृतिका ५३ मुद्दा अदालतमा दर्ता भएका थिए ।

महोत्तरी प्रहरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक सन्तुलाल जयसवालले गत आवमा खैरो हेरोइन १८ ग्राम सात सय ९६ मिलीग्राम बरामद गरी अभियुक्तलाई कारबाही प्रक्रिया अघि बढाइएको जानकारी दिए । भारतबाट नेपालतर्फ ल्याइएका विभिन्न नामका एम्पुल, टेबलेट, झोल र १५ हजार दुई सय ६४ क्याप्सुल बरामद भएको छ । यसमा सबैभन्दा बढी नाइट्राभेट ट्याब्लेट आठ हजार पाँच सय ९१, डाइजेपाम दुई हजार ४१, प्रोमेथाजाइन एक हजार १६ ट्याब्लेट र बुप्रेनोफिन एम्पुल (सुई) एक हजार दुईवटा बरामद भएको प्रहरीको अभिलेखमा उल्लेख छ । यी लागुऔषधसहित पक्राउ पर्नेमा ६० प्रतिशतभन्दा बढी २० देखि ३० वर्ष उमेर समूहका युवा छन् ।

खुला सीमानाकाका कारण भारतबाट नेपालतर्फ ल्याएर कारोबार गरिने यी लागूपदार्थमा ट्यालगेसिस, डाइक्लोफेन सोडियम, फेनारगन, एक्सिप्लोन, नाइट्राजेपाम, बुलुस्पास, स्पास्मोप्रोक्सिभिन, नुफिन ट्याब्लेट, क्याप्सुल, एम्पुल (सुई) र झोल प्रहरीले बरामद गरी कारोबारमा संलग्नलाई कारबाही गरेको जनाइएको छ ।

नेपालबाट भारततर्फ लगिने गाँजा गत आवमा १२ क्वीन्टल ९६ किलो बरामद गरिएको प्रहरी नायब उपरीक्षक जयसबालले बताए ।

प्रहरीले लागुपदार्थ दुर्व्यसन र कारोबारविरुद्ध निरन्तर सचेतना अभियान सञ्चालन गरेको जनाएको छ ।

# पुरस्कारका लागि कृति छनोट




**टुडे समाचारदाता**

लालबन्दी । सर्लाहीका लालबन्दी नगर वाङ्मय परिषद् भाषा तथा साहित्य पुरस्कार-२०८१ का लागि १० कृति छानिएका छन् ।

लालबन्दी नगर वाङ्मय परिषद् भाषा तथा साहित्य पुरस्कार-२०८१ का लागि छनोट भएका १० कृतिहरूको नाम लालबन्दी नगर वाङ्मय परिषद्ले आइतबार विज्ञप्ति जारी गरी सार्वजनिक गरेको छ । भाषा, कला, साहित्य, सङ्गीत तथा संस्कृतिको संरक्षणका लागि स्थापित उक्त परिषद्ले पुरस्कारका लागि छनोट गरेको सूची सार्वजनिक गरेको छ ।

स्वतन्त्र विज्ञहरूसहितको सम्मान तथा पुरस्कार छनोट समितिको सिफारिसमा रमेश सायनको अन्तर, यज्ञराज उपाध्यायको काली कर्णालीको लोकसाहित्य र संस्कृति, नगरकोटीको जोगियाना, प्रा.डा. ध्रुवेशचन्द्र रेग्मीको नेपाली सङ्गीत दरबार, धीरेन्द्र प्रेमर्षिको पुरुष परीक्षा, मोमिला जोशीको प्रश्नहरू त बाँकी नै रहन्छन् ।

खेम बतासको बुढीपोल्ली, अखण्ड भण्डारीको बोरा, भूपिनको भूपिनका कविता र मोहन मैनालीको मुकाम रणमैदान परेको विज्ञप्तिमा जनाइएको छ ।

वाङ्मय परिषद्लाई प्राप्त कृतिहरूमध्ये सम्मान तथा पुरस्कारका लागि कृति छनोट समितिले छनोट गरी सूचीकृत गरेका १० कृतिहरूमध्येबाट उत्कृष्ट एक कृतिलाई वाङ्मय परिषद्ले पुरस्कृत गर्ने परिषद्का अध्यक्ष अच्युत अधिकारीले जानकारी दिए ।

सम्मान तथा पुरस्कारका लागि कृति छनोट समितिले सो १० कृतिहरूमध्येबाट पुनः एक उत्कृष्ट कृति छनोट गरी सिफारिस गरेपछि सो कृतिलाई ५० हजार रुपैयाँ र प्रमाणपत्रसहित सम्मान गरिने जनाइएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८